# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष ३ अङ्क २४ पूर्णाङ्क १२२ | २०७५ मंसिर २४ गते सोमबार | Monday, Dec. 10, 2018 | पृष्ठ ८ | मूल्य रु. १०|-


## डबल नेकपा परित्याग गरी क्रान्तिकारी माओवादीमा प्रवेश



नेपालगञ्ज। नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी)मा ध्रुवीकरण बढ्दै गएको छ। नेपालगञ्जबाट प्राप्त समाचार अनुसार डबल नेकपा परित्याग गरी ३१ जना स्थानीय नेता कार्यकर्ताहरू क्रान्तिकारी माओवादी)मा प्रवेश ...बाँकी ४ पेजमा

## क्रान्तिकारी माओवादीको केन्द्रीय समितिको बैठक सम्पन्न

# आमहड्तालसम्मका संघर्षका कार्यक्रम सार्वजनिक



● वर्गदृष्टि संवाददाता

काठमाडौं । मंसिर १२ देखि बुटवलमा सुरुभएको नेकपा (क्रान्तिकारी माओवादी)को केन्द्रीय समितिको बैठक १७ मंसिरमा सम्पन्न भएको छ । १८ मंसिरमा पत्रकार सम्मेलन गरी क्रान्तिकारी माओवादीले आम हड्तालसम्मका संघर्षका कार्यक्रम सार्वजनिक गरेको छ । पार्टी महासचिव मोहन वैद्य'किरण'ले एक वक्तव्यमार्फत् बैठकले लिएका निर्णयहरू सार्वजनिक गर्दै आवश्यकता अनुसार संघर्षका सबै रूपहरू अपनाइने बताएका छन् ।

नयाँ जनवादी क्रान्तिको तयारीमा जुटिरहेको क्रान्तिकारी माओवादीले चरणबद्ध रूपमा संघर्षको कार्यक्रम घोषणा गर्न थालेपछि विभिन्न समूहमा छरिएर रहेका आम क्रान्तिकारी पंक्तिमा उत्साहको सञ्चार भएको छ भने प्रतिक्रियावादी तप्का पनि तरंगित बन्न पुगेको छ । क्रान्तिकारी माओवादीका महासचिव ...बाँकी ८ पेजमा

## क्रान्तिकारी पत्रकार महासंघ ४ नं. प्रदेशको भेला सम्पन्न

### संयोजकमा गोपाल जिसी

पोखरा । नेकपा (क्रान्तिकारी माओवादी) निकट क्रान्तिकारी पत्रकार महासंघ प्रदेश नं ४ को भेला भव्य रूपमा सम्पन्न भएको छ । नेपाल पत्रकार महासंघ कास्की शाखाको भवनमा बिहीबार सम्पन्न भएको भेलाले नवदृष्टि डटकमका प्रधान सम्पादक गोपाल जिसीको नेतृत्वमा एक सदस्य पछि थप्ने गरी ७ सदस्यीय कार्यसमिति चयन गरेको छ। सदस्यहरूमा नेपाल पत्रकार महासंघ नवलपुरका सदस्य सञ्जय तिवारी, वर्गदृष्टि साप्ताहिकका संवाददाता राजेन्द्र सुवेदी, रेडियो कुसुमका समाचार वाचक निर्मल पौडेल, दाउन्ने साप्ताहिककी संवाददाता शोभा जिसी, रेडियो वुर्तिवाङका सुमन विश्वकर्मालगायत रहेका छन् ।

भेलाको उद्घाटन संगठनका केन्द्रीय अध्यक्ष इन्द्र राउतले मैनबत्ती बालेर गरेका थिए । भेलामा क्रान्तिकारी पत्रकार महासंघका केन्द्रीय सचिव रामकुमार श्रेष्ठ, केन्द्रीय समितिका कार्यालय सदस्य लोकराज जैसी, नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य रामकृष्ण ज्ञवाली, महासंघका कास्की शाखा अध्यक्ष दिपेन्द्र श्रेष्ठ, स्वतन्त्र पत्रकार संघका केन्द्रीय अध्यक्ष कृष्ण बास्तोला लगायतका पत्रकार नेताहरूको उपस्थिति रहेको थियो भने क्रान्तिकारी माओवादीका पोलिटव्यूरो सदस्य तथा ४ नं.प्रदेश सचिव श्रीनाथ अधिकारी, सोही पार्टीका पिविएम तथा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल ४ नं. प्रदेश संयोजक केशबहादुर परियार, पार्टी केस नारायण अधिकारी, पार्टी कास्की सचिव कर्णबहादुर पुन, क्रान्तिकारी बुद्धिजीबी परशुराम कोइराला लगायतका नेताहरूको उपस्थिति रहेको थियो ।

'राष्ट्रियता, जनतन्त्र र जनजीविका सवालमा पत्रकारको भूमिका' विषयक अन्तर्क्रिया समेत राखिएको भेलालाई सम्बोधन गर्दै भेलाका विशेष अतिथि क्रान्तिकारी माओवादीका नेता श्रीनाथ अधिकारीले पत्रकारहरूले देश र जनतालाई केन्द्रमा राखेर पत्रकारिता गर्नुपर्ने विचार व्यक्त गरे । उनले भने, 'क्रान्तिकारी ...बाँकी ७ पेजमा

## त्रि.वि.मा बढ्दो पार्टीकरण र भ्रष्टीकरणका विरुद्ध प्राध्यापक संगठनको तालाबन्दी

काठमाडौं। नेपाल राष्ट्रिय प्राध्यापक संगठनले त्रिभूवन विश्वविद्यालय र यसका महत्वपूर्ण प्राज्ञिक निकायहरूमा भइरहेको पार्टीकरण, आर्थिक अनियमितता, शैक्षिक एवम् प्राज्ञिक भ्रष्टाचारका विरुद्ध भन्दै त्रिविमा तालाबन्दी गरेको छ ।

यस विषयमा समय समयमा गरिएका संवाद र सहमति एवम् सकारात्मक समाधानका उपायलाई बेवास्ता गरी व्यक्तिगत र पार्टीगत स्वार्थ पुरा हुने गरी भएका नियुक्ति र भयावह भ्रष्टाचार तथा प्राज्ञिक स्खलनका विरुद्ध प्राध्यापक संगठनले त्रि.वि. र मातहतका संकाय र संस्थानहरूमा क्रमशः संघर्ष गर्दै जाने कार्यक्रम रहेको जनाएको छ ।

संगठनका अध्यक्ष प्रा.डा. जगदीश चन्द्र भण्डारी र महासचिव डा. शिवनारायण यादवले संयुक्त रूपमा २० मंसिरमा जारी गरेको वक्तव्यमा भनिएको छ, "संघर्षको प्रथम चरणमा मानविकी तथा सामाजिक शास्त्र संकाय डिनको कार्यालय कीर्तिपुरमा तालाबन्दी गरिएको व्यहोरा जानकारी गराइन्छ । यसबाट उत्पन्न परि स्थितिको जिम्मेवार त्रि.विका पदाधिकारी र डिन रहनेछन् ।"

## मुख्यमन्त्री गुरुङलाई बुझायो क्रान्तिकारी पत्रकार महासंघले १२ बुँदे ज्ञापन पत्र

पोखरा । क्रान्तिकारी पत्रकार महासंघ ४ नं. प्रदेश कमिटीले आज विहान मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङलाई १२ बुँदे ज्ञापन पत्र बुझाएको छ । संगठनका केन्द्रीय अध्यक्ष इन्द्र राउतको समेत उपस्थितिमा बुझाइएको ज्ञापन पत्रमा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताविरोधी मुलुकी संहिताको खारेजीदेखि सरकारी कार्यालयहरूमा नेपाली भूमि गायब पारिएको नक्कली नक्सा हटाई नेपालको वास्तविक नक्सा प्रयोग गर्न समेत माग गरिएको छ । संगठनका नवनिर्वाचित प्रदेश संयोजक गोपाल जिसीले ज्ञापन पत्र बुझाउँदै संगठनले अगाडि सारेका मागहरू कार्यान्वयन नगरिए चरणबद्ध संघर्षको घोषणा गर्ने चेतावानी समेत दिएका छन् । ज्ञापन पत्र बुझ्दै मुख्यमन्त्री गुरुङले ज्ञापन पत्रमा उठाएका मागहरू जायज रहेको भन्दै यी मागहरू पूरा गर्न आफूले सकेसम्म कोशिस गर्ने प्रतिबद्धता जनाए । उनले भने, 'प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताप्रति हामी पूर्ण प्रतिबद्धता जाहेर गर्छौं । यो प्रदेशमा पत्रकारहरूको पेशागत तथा भौतिक सुरक्षाको लागि आवश्यक कमद चालिने छ ।'

संगठनका केन्द्रीय कार्यालय सदस्य लोकराज जैसीलगायत पत्रकारहरूको उपस्थिति बुझाइएको ज्ञापन पत्रमा स्थापनाकालदेखि नै यस महासंघले श्रमजीवि पत्रकार ...बाँकी ७ पेजमा

## देजमो केन्द्रीय समितिको बैठक २९ र १ गते काठमाडौंमा

काठमाडौं । देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालको केन्द्रीय समितिको बैठक मंसिर २९ र पौष १ मा काठमाडौंमा बस्ने भएको छ । प्राप्त जानकारी अनुसार मोर्चाको बैठक केन्द्रीय कार्यालय बुद्धनगरमा बस्ने भएको छ । मोर्चाले पार्टी बैठकले लिएका निर्णयहरूको मूल स्पिरिटलाई आधार मान्दै संगठन र संघर्षका योजनाहरू निर्माण गर्ने बताइएको छ । नयाँ जनवादी क्रान्तिका लागि आवश्यक पर्ने तीन जादुगरी हतियारमध्ये संयुक्त मोर्चाको अवधारणाको रूपमा गठन गरिएको देजमोको आगामी बैठकलाई निकै महत्वका साथ हेरिएको छ ।

राष्ट्रियता, जनतन्त्र र जनजीविकाका मुद्दाहरूलाई प्रखर रूपमा उठाउँदै आएको देजमोले मुद्दा मिल्ने पार्टी, व्यक्ति वा समूहसित संयुक्त मोर्चा बनाएर वा कार्यगत एकता गरेर संघर्ष वा आन्दोलनलाई सशक्त रूपमा अगाडि बढाउने बताउँदै आएको छ । जनसंघर्ष, वर्गसंघर्ष, प्रतिरोध संघर्षसहित आम हड्तालसम्मका संघर्षका कार्यक्रम घोषणा गरेको क्रान्तिकारी माओवादी समर्थित यो मोर्चाले उल्लेखित संघर्षका कार्यक्रमलाई ठोस र मूर्त रूपमा कार्यान्वयन गर्ने योजना लिएर जनता माझमा जाने र संघर्षका निम्ति सशक्त रूपमा सडकमा उत्रने ...बाँकी ७ पेजमा

## एकअर्कालाई छिर्के दाउ लगाउँदै डबल नेकपाका नेताहरू

काठमाडौं । डबल नेकपामा यतिबेला पदीय भागबण्डालाई लिएर महाभारत पैदा भएको छ । डबल नेकपाका शीर्ष नेताहरू एकअर्कालाई छिर्के दाउ लगाउने प्रयास खुल्लमखुल्ला गरिरहेका छन् । डबल नेकपाका अध्यक्ष समेत रहेका प्रम केपी ओलीले शनिबार प्रधानमन्त्री निवास बालुवाटारमा बोलाएको सचिवालय बैठक शीर्ष नेताहरू माधवकुमार नेपाल, झलनाथ खनाल, बामदेव गौतम र नारायणकाजी श्रेष्ठले बहिस्कार गरे । उनीहरूले आइतबार दिउँसो १ बजे स्थायी कमिटीको बैठक बोलाउने निर्णय गरेका थिए । तर, ओली पक्षको छिर्के दाउका कारण आइतबार बस्ने भनिएको विद्रोही नेताहरूको स्थायी कमिटी बैठक समेत नबसी स्थगित भएको छ ।

सचिवालय बैठक बहिस्कार गरेर हिँडेका नेताहरूले आइतबार दिउँसो १ बजे राजधानीमा स्थायी कमिटीको बैठक बस्ने भन्दै जिल्लातिर रहेका आफ्नो गुटका नेतालाई तत्काल राजधानी आउन भनेका थिए । कतिपय नेताहरू शनिबार नै काठमाडौं आएपुगे । तर, केपी ओली गुटको खुरापातीका कारण बहिस्कार पक्षको स्थायी कमिटिको बैठक बस्नै सकेन ।

डबल नेकपाको ९ सदस्यीय सचिवालय कमिटीमा रहेका ४ नेताले बैठक बहिस्कार गरेपछि शनिबार बैठकै बस्दैन भन्ने विद्रोही नेताहरूको अनुमान थियो । तर, ओली गुटमा ५ सदस्यहरूले बैठक बसेर आगामी मंसिर २९ गते स्थायी कमिटीको बैठक आयोजना गर्ने निर्णय गरेको छ ।

ओलीको गुटमा प्रचण्ड, बादल, विष्णु पौडेल र ईश्वर पोखरेल छन् भने विद्रोही ...बाँकी ८ पेजमा

## वर्तमान राजनीतिक परिस्थितिबारे क्रान्तिकारी माओवादीको विश्लेषण

● दस्तावेज ●

*(नेकपा (क्रान्तिकारी माओवादी) २०७५ मंसिर १२–१७मा आयोजित केन्द्रीय समितिको बैठकमा क. किरणद्वारा प्रस्तुत तथा पारित केन्द्रीय कार्यालयको रिपोर्टको अंश)*

आज विश्वमा साम्राज्यवादी तथा विभिन्न शक्तिकेन्द्रहरूका बीच नवउदारवाद र संरक्षणवादको विषयमा संघर्ष चलिरहेको छ । यति बेला यो संघर्ष व्यापारयुद्धमा संकेन्द्रित बन्न गएको छ। अहिले अमेरिका इरानसित गरिएको परमाणु सम्झौताबाट पछि हटेको छ र विभिन्न विषयमा त्यो एक्लिँदै गइरहेको छ। आज विभिन्न साम्राज्यवादी देश तथा शक्तिकेन्द्रहरू आ-आफ्नो कित्ता बलियो बनाउन ठूलो कसरतमा लागिरहेका छन्।

● विश्वमा भूमण्डलीकृत साम्राज्यवाद र त्यसले अवलम्बन गर्दै आएको नवउदारवादी अर्थतन्त्र र संसदवादी राजनीति पनि असफल सिद्ध हुँदै गएको छ। परन्तु त्यसको विरोध र विकल्पमा विश्व सर्वहारा वर्ग र उत्पीडित राष्ट्रहरू सशक्त रूपमा प्रस्तुत हुन सकिरहेका छैनन्।

● आज भारतीय विस्तारवाद संरक्षणवादको विरोधमा प्रस्तुत भएर र अमेरिकाको विरोधका बाबजुद पनि रुससित ठूलो परिमाणमा हतियार खरिद गर्ने सम्झौता गरेर रुसी चीनी ध्रुवतर्फ ढल्कन खोजेको जस्तो देखिएको छ। तर पनि त्यो अमेरिकी खेमाका विरुद्ध जानसक्ने स्थिति देखिदैन र अमेरिकाले पनि भारतका विरुद्ध कुनै कडा कदम चाल्न सकेको अवस्था छैन । यसरी हेर्दा भारत अहिले बीचको स्थितिमा रहेको देखिन्छ।

● विश्वमा क्रान्तिका लागि वस्तुगत परिस्थिति अनुकूल र आत्मगत परिस्थिति प्रतिकूल बन्न गएको हामीले बताउदै आएका छौं। अहिले पनि यही नै सत्य हो तर पनि विश्वका कतिपय मुलुकहरूमा समाजवादी, नयाँ जनवादी र राष्ट्रिय मुक्ति आन्दोलनहरू चल्दै आएका छन्।

● कथित वाम तथा कम्युनिस्ट नामधारी दुई तिहाई वहुमतको सरकार बनेको आठ महिना वितिसक्दा पनि जनताले राहतको अनुभूति गर्न पाएका छैनन्। आज राष्ट्रिय स्वाधीनताको प्रश्न निकै गम्भीर बनेको छ । कालापानी लिम्पियाधुरा भेगलाई भारतमा गाभी भारतले बनाएको नक्सा नेपालमा विभिन्न कार्यालयहरूमा टाँगिदासम्म पनि सरकार मौन छ । सीमा अतिक्रमणका समस्या जटिल बन्दै गएका छन् । नागरिकता र जनसंख्या अतिक्रमणका समस्या पनि विकराल बन्न थालेका छन् । जलविद्युत तथा प्राकृतिक स्रोत साधन माथिको भारतीय हस्तक्षेप झन् बढ्दै गएको छ । यो लोकतन्त्र उपल्लो वर्गका लागि हो । मजदुर, हली, गोठाला, सुकुम्बासी, किसान, महिला, दलित, आदिवासी जनजाति, मधेशी मुस्लिम लगायतका उत्पीडित वर्ग र जनसमुदाय लोकतान्त्रिक अधिकारबाट वञ्चित भएका छन् । बालिका-किशोरीहरू बलात्कार तथा हत्याका शिकार हुँदै आएका छन् । दोषीहरू पत्तालगाउने र कार्वाही ...बाँकी ७ पेजमा

## सम्पादकीय

# विलासितामा डुबेको सरकार

संघीय गणतन्त्रका तिनै तहका निर्वाचित सरकारी जनप्रतिनिधिहरू निकै ऐयुयासी जीवनको ढर्रामा उन्मुख हुँदै गइरहेका छन् । उनीहरू जननिर्वाचित भएकाले 'आफूहरू अंकुशविहीन' भएको व्यवहार प्रदर्शन गरिरहेका छन् । जनताको निर्वाचित प्रतिनिधि सभ्य, सरल, विनम्र र सहयोगी हुने भन्दा पनि अहंकारी, ढोंगी र आदेशकारी हुनु पर्ने सम्झना देखिन्छन् । यो आम जनताका लागि बिस्तारै असैह्य र अपाच्य बन्दै गइरहेको छ । गणतन्त्र स्थापनापछि जनताले भोगिरहेका यस्तोखाले शासकीय प्रवृत्ति नेपालमा आठौं आश्चर्यका रूपमा देखा परेको छ । संघीय, प्रदेश तथा स्थानीय तहका जनप्रतिनिधिहरूले कायभार सम्हालेपछि तिनीहरूले गरेका पहिलो निर्णय भनेको आफ्ना बारेमा करोडौंका सेवासुविधाहरूको निर्णय नै हो । यसको ग्यारेण्टीका लागि उनीहरूले निर्वाध रूपमा उपभोग गर्न मिल्ने गरी एकपछि अर्को नियमहरू निर्माण गरिरहेका छन् ।

पहिलो कुरा त उनीहरूले महँगा तथा आलिशान महलहरूमा कार्यालयहरू स्थापना गरेका छन् । यसको अर्थ भूईंमा वा झोलामा बोकेर कार्यालय चलाउनु पर्छ भन्ने कदापि होइन । तथापि सकभर जनतालाई कम भार पर्ने गरी कार्यालय निर्माण र व्यवस्थापनमा ध्यान दिनै पर्छ । यो भनेको उनीहरूको लोकप्रियताका साथै जनताको टाउकामाथि कमभन्दा कम आर्थिक करभार पर्ने गरी केही सुविधा पुगोस् भन्ने हो । धेरै ठाउँहरूमा त कार्यालय निर्माणका लागि भनेर करोडौं रकमको ठेक्कापट्टा, त्यो पनि जनप्रतिनिधिकै आफन्तका हातमा, सुम्पिइरहेका छन् । जग्गा दलालहरूसँगको मिलेमतोमा कार्यालय तथा सदरमुकामहरू सार्ने प्रपञ्च गरिरहेको छन् । जंगल फँडानी गरेर काठतस्करहरूसँग मिलेमतो गरी पैसा कमाउने उद्देश्यका साथ सदरमुकाम हेराफेरीको एजेण्डा बोकेर कुदिरहेका छन् ।

हालै मात्र देशका प्रमुख तथा राष्ट्रपति विद्यादेवी भण्डारीका लागि १८ करोडको विलासी गाडी किन्न अर्थमन्त्रालयमाथि करबल लगाएर रकम निकासा गरिएको छ। सर्वसाधरण जनताले राष्ट्रपतिलाई गणतान्त्रिक व्यवस्था यति महंगो र विलासी नबनाइदिन फेसबुक वालहरूमा लेखेरै अनुरोध गरे । तर त्यसको सुनवाई उपल्लो तहमा त्यो पनि उच्च ओहदामा बसेकाहरूबाट हुन सकेन । जनताले सरकारमा आसिनहरूको कान गैंडाका छालाले बनेको र सियो पनि नरोपिने जस्तो कडा भएको महसुस गरेका छन् । आखिर 'राजाका अगाडी बाबाकी दुहाई' जस्तै भएको छ जनताका आग्रह र अनुनय । देशका मेयरहरूका लागि चार-पाँच करोड मूल्यका गाडीहरू सामान्य भएका छन् । आखिर निम्न पुँजीपति वर्गबाट आएका मानिसहरू न हुन् । उनीहरूमा शान, सौकत र 'देखाइदिने' ईर्ष्या डम्म परेर बसेको छ मनभित्र । आपतकालमा जनताको उद्धारका लागि नगर तथा गाउँपालिकाहरूमा केही लाख मूल्य पर्ने एम्बुलेन्सहरू पनि छैनन् । ती अत्यावश्यक साधनहरू किन्ने निर्णयहरू गरिएका पनि छैनन् । तर आश्चर्य ! जनप्रतिनिधिहरूका लागि भने रातारात करोडौंका गाडीहरू भित्र्याउने निर्णयहरू धमाधम भइरहेका छन् त्यो पनि क्षणभरमा । सुर्खेत जस्ता स्थानीय तहका कतिपय जनप्रतिनिधिहरूले त केन्द्रले पठाउने भनिएको बजेट पनि पुराना गाडी फेरेर नयाँ र आधुनिक किन्ने भनी पहिल्यै निर्णय गरी रकम आइपुग्नु अगावै विनियोजन गरिसकेका छन् । यी कुराहरूले संघीय व्यवस्था राख्लान् वा राखोइनन् भन्ने गम्भीर प्रश्नहरू उठाएका छन् ।

जनताका सहज विरोध र अनुरोध यसखाले प्रवत्तिका जनप्रतिनिधिहरूले सकारात्मक र रचनात्मक रूपमा नलिई 'विरोधीहरूका प्रलाप' का रूपमा लिने गरिएको पाइएको छ । यो हामी नेपालीहरूको बीचमा सदियौंदेखि मौलाउँदै आएको संस्कारको निरन्तरता पनि हुन सक्छ । तर बदलिंदो परिस्थितिमा नेपालीहरूका लागि भने यो सही राजनीतिक संस्कार हुन सक्दैन र यसलाई स्वीकार गर्न पनि सकिदैन । जनप्रतिनिधिहरूमाथि उठाइएका प्रश्नहरू केवल आरोपहरू मात्र होइनन् । यी त सप्रमाण उठाइएका वास्तविक कुराहरू हुन् । उनीहरूलाई सत्तारोहणसँगै हुँदै गरेको वर्गोत्थानका कारणले सामान्य लागे पनि जनप्रतिनिधिमा चुलिएको यो विलासिताको आकांक्षा देश र जनताको पक्षमा भने छैन । गाउँगाउँमा पुगेको सिंहदरवार अब केन्द्रीय सिंहदरवार जस्तै भ्रष्टाचारी, तस्करी, सेवासुविधासम्पन्न, सुकिलामुकिला र नवसंभ्रान्तहरूको थलोमा परिणत हुन पुगेको छ । नीति, नैतिकता र जनसेवाका कुरा अब एकादेशको कथामा सिमित हुन पुगेको छ ।

## लेखकहरूमा अनुरोध

१. यस वर्गदृष्टि साप्ताहिक तथा मूलबाटो डटकमका लागि लेख/रचना पठाउँदा एक हजार शब्दमा नबढाइकन आफ्नो लेख/रचना पठाइदिनु हुन,
२. कम्प्युटर टाइप गरी पठाउँदा शुक्रबारसम्म र हस्तलिखित पठाउँदा बुधबारसम्म पत्रिकाको कार्यालयमा वा इमेलमा पठाइदिनु हुन,
३. सकेसम्म छोटा र सरल वाक्य प्रयोग गरिदिनु हुन हार्दिक अनुरोध छ ।

**सम्पादन विभाग, वर्गदृष्टि मिडिया**

परिवर्तनको सम्वाहक
मूलबाटो
सत्यतथ्य निष्पक्ष खबर तथा विचारका लागि सधैं हेर्नै र पढ्ने गरौं ।
www.moolbato.com

# उत्तरआधुनिकतावाद : नव आदर्शवादी कला चिन्तन


प्रा. डा. ताराकान्त पाण्डेय

**वास्तवमा उत्तर आधुनिकतावादी अद्वैतवादमा हरेक किसिमका विरोधहरूको अस्त हुन्छ । उसका अनुसार शोषक र शोषित, दमनकारी र दमित, केन्द्र र परिधि(सीमान्त) तथा आवाजहीन र वाचालका बीच न कुनै द्वैत छ न कुनै विरोध न कुनै सङ्घर्ष । उनीहरू यो देख्दैनन् कि यी सबै द्वैत र विरोधहरूको जनक पुँजीवाद हो ।**

उत्तर आधुनिक, उत्तर आधुनिकता र उत्तर आधुनिकतावाद बिसौं शताब्दीको उत्तरार्धतिरबाट ज्ञान र व्यवहारका विभिन्न क्षेत्रमा प्रचलित हुँदै आएका विशिष्ट पदावली हुन् । यससँगै गाँसिएर आउने अन्य विशिष्ट पारिभाषिक पद पदावलीहरूमा उत्तर संरचनावाद, उत्तर उपनिवेशवाद, बहुलवाद, सांस्कृतिक अध्ययन, नव इतिहासवाद आदि पनि उल्लेख्य रहेका छन् । यसो भए पनि उत्तर आधुनिकतालाई एउटा बृहत् छाता र अन्य सबै यसैभित्र अटाउने चिन्तन तथा अवधारणा विशेषसग सम्बन्धित पद पदावलीकै रूपमा रहेका छन् । त्यसमा पनि उत्तर आधुनिकता अवधारणा र व्यवहार वा पद्धतिको समष्टि हो भने यसलाई खास सैद्धान्तिक आधार वा पीठिका प्रदान गर्ने काम उत्तर संरचनावादले गरेको छ । निनु चापागाईं उत्तर आधुनिकतावादलाई व्यवहार र उत्तर संरचनावादलाई सिद्धान्त भन्छन् (२४) भने चैतन्यले उत्तर आधुनिकतावादको दार्शनिक पद्धतिका रूपमा विसङ्घटनवाद (अर्थात् उत्तर संरचनावाद, ले.)लाई स्वीकार गरेका छन् ।

वास्तवमा औपचारिक एवम् शास्त्रीय दृष्टिले हेर्दा पनि उत्तर आधनिकतावादकै नाउँबाट सिद्धान्तको व्याख्या पाईंदैन, यसलाई ज्ञानको दशा र व्यवहारकै रूपमा प्रस्तुत गरिएको पाइन्छ र जब यसको सिद्धान्तको प्रश्न आउँछ, त्यसको जवाफ उत्तर संरचनावादबाटै खोज्नु पर्ने वा लिनु पर्ने अवस्था रहेको देखिन्छ । व्यवहारतः उत्तर आधुनिकतावादलाई ठोस आकार दिने वा यसका निर्माणमा मुख्य भूमिका निर्वाह गर्ने प्रमुख चिन्तकहरू ज्याक डेरिडा, मिसेल फुको, बौद्रिलार्द, ल्योतार आदि मूल रूपमा उत्तर संरचनावादी नै भएबाट उत्तर आधुनिकतालाई सैद्धान्तिक दार्शनिक आधार भूमि प्रदान गर्ने काम उत्तर संरचनावादले नै गरेको कुरामा शङ्का रहन्न ।

उत्तर आधुनिकतावाद अब धेरै नौलो र अबोधगम्य कुरा भने रहेन । यद्यपि यसले अझै पनि कला एवं विचारधाराका क्षेत्रमा आफ्नो वर्चस्व कायम गरि रहेकै छ तर सँगसँगै यससँग मार्क्सवादको सोझो सङ्घर्ष पनि छ । उत्तर आधुनिकतावाद के हो भन्ने सन्दर्भमा फ्रेडरिक जेमेसनले भनेको कुरा सम्झन सकिन्छ ।

वास्तवमा द्वितीय विश्व युद्धोत्तर कालमा पुँजीवादको चरित्रमा आएको परिवर्तन र स्वतन्त्रता, समानता र भ्रातृत्वको नारा लिएर विकसित भएको पुँजीवादको पूर्ववर्ती चरित्रको विस्थापनसँगै वित्तीय पुँजीवाद र उपभोक्तावादी समाजको विकास पश्चिममा जसरी भयो अनि त्यसको सांस्कृतिक अभिव्यक्ति जुन रूप र पद्धतिमा भयो, त्यसलाई उत्तर आधुनिकतावाद भनेर जेमेसनले बुझाउन खोजेका हुन् । उनले यसलाई वृद्ध पुँजीवादको सांस्कृतिक तर्क (Cultural Logic of Late Capitalism) भनेर यही आशय व्यक्त गर्न खोजेका हुन् । त्यसैले यो उत्तर आधुनिकतावादको चेतना आजको पुँजीवाद अर्थात् नयाँ खाले आजको साम्राज्यवादको सांस्कृतिक चेतना नै हो ।

राजनीतिक रूपले यो मार्क्सवादविरुद्ध छ र दार्शनिक रूपले यो भौतिकवादविरुद्ध नव आदर्शवादी धरातलमा उभिएको छ (चैतन्य, पृ. ) । मूल्यपद्धतिका दृष्टिले यो आधुनिक युग खास गरी प्रबोधन काल (Age of Enlightenment) मा विकसित रहस्यवाद विरोधी वैज्ञानिक तथा मानवकेन्द्रीत चेतना, मूल्य र आदर्शका विरुद्ध छ अनि रचनाधर्मिताका दृष्टिले यो सार्थक र सङ्गत लेखनका विरुद्ध भाषा खेलको उपक्रममा संलग्न छ । यसका विशेषतालाई निम्न कोणबाट अझ स्पष्ट पार्न सकिन्छ ।

**ल्योतार /ल्योतार्ड**

यसलाई दार्शनिक दृष्टिले औपचारिकता प्रदान गर्ने काम फ्रान्सेली चिन्तक ज्याँ फ्राँस्वा ल्योतारको दि पोस्ट मोडर्न कन्डिसन : ए रिपोर्ट अन नलेज भन्ने कृतिले गऱ्यो । फ्रान्सेली भाषामा सन् १९७९ मा र अङ्ग्रेजीमा १९८४ मा प्रकाशित यो कृति क्यानाडा (क्युबेक) सरकारका अनुरोधमा पश्चिमी ज्ञान स्थितिबारे चर्चा गर्नका लागि तयार पारिएको हो । यस कृतिले उत्तर आधुनिकतालाई औपचारिक बनाउने काम त गऱ्यो नै ल्योतारलाई उत्तर आधुनिकताका प्रणेता र व्याख्याताका रूपमा पनि स्थापित गऱ्यो ।

ल्योतारले यस कृति (प्रतिवेदन)मा उत्तर औद्योगिक समाजको चरित्र र त्यसको ज्ञानदशाबारे चर्चा गर्ने क्रममा भाषाको परम्परागत रूप र सामर्थ्यको अन्त्य र खेलमय नयाँ भाषिक साम्राज्य, साइबर संस्कृति र ज्ञानको कम्प्युटर निर्भरता तथा ज्ञान लगायत मार्क्सवाद जस्ता महावृत्तान्तको समीचीनताको अन्त्यको सन्दर्भलाई प्रमुख रूप प्रस्तुत गर्दै त्यस स्थितिलाई उत्तर आधुनिक स्थितिका रूपमा प्रस्तुत गर्ने प्रयास गरेका छन् । उनी के भन्छन् भने अब ज्ञान शास्त्रहरूमा वा ज्ञान हासिल गरेका कुनै व्यक्तिमा नभएर कम्प्युटरमा आधारित हुन्छ । सूचना नै ज्ञानको परिचायक हुन्छ र जमिनका निमित हिजोका दिनमा गरिने युद्ध अब सूचना प्राप्तिका लागि र सूचनामाथि अधिकार जमाउनका लागि गरिन्छ । सूचनाको उत्पादन तथा बिक्री हुन्छ र त्यसमा राज्यको भूमिका कमजोर हुनुका साथै ठूला बहुराष्ट्रिय निगमहरूले आधिपत्य कायम गर्ने छन् ।

विज्ञानका सन्दर्भमा उनले के भने आफूभित्रको निरन्तर विकासले गर्दा विज्ञान पनि सत्य र वस्तुनिष्ठ छैन र यसमाथि अविश्वास जन्मिएको छ । विज्ञानमा सत्य उद्घाटित गर्ने सामर्थ्य अब छैन (किनभने त्यो स्वयं अन्तर्विकसित छ) । यसै गरी फ्रान्सेली क्रान्तिले जन्माएको मानव स्वतन्त्रताको महाख्यानदेखि अठारौं शताब्दीको ज्ञान प्रसारण कालका दार्शनिक चिन्तन हुँदै मार्क्सवादले विकसित गरेका सर्वहारा मुक्ति र समाजवादको क्रान्तिकारी महाख्यान(महावृत्तान्त) को पनि समीचीनता समाप्त भइसेकेको र तीप्रति अविश्वास व्याप्त भएको भन्ने धारणा उनले अगाडि सारे । त्यसैले अब (उत्तर औद्योगिक युगमा) विज्ञानकै नायकत्व (वा सर्वोपरिता) कायम रहेको छ न स्वतन्त्रता र क्रान्तिकारी दर्शनकै वृत्तान्तहरू अब विश्वसनीय रहेका छन् ।

**डेनियल बेल**

उत्तर आधुनिकतावादलाई सैद्धान्तिक आधार दिने डेनियल बेलले सन् १९६० मा विचारधाराको अन्त्यको घोषणा गरे र १९७३ मा उत्तर औद्योगिक समाजको परिकल्पना गर्दै प्रविधिका सामु मानिस तथा उसको चेतना अनावश्यक भएको बताए ।

**फुकोयामा**

सन् १९९० मा सोभियत संघको विघटनलाई आधार बनाएर फुकोयामाले १९९२ मा इतिहासको अन्त्य र उदार पँजीवाद चिरञ्जीवी भएको अवधारणा प्रस्तुत गरे ।

**डेरिडा र रोलाँ बार्थको भाषिक अर्थको सन्दर्भ**

***अर्थको एकत्वको विरोध र अमूर्तन तथा विरोधहरूको अनन्त शृङ्खलाबाट विरोधकै अन्त्य***

डेरिडाली उत्तर ...बाँकी ७ पेजमा

झर्रोटर्री kailubraha73@gmail.com — कैलुब्राह

# निर्मलाको लेखौटो

म निर्मला पन्त । म मरेको आज १३६ दिन पुग्यो । मलाई बलात्कार गरेर हत्या गरेको घटनाले देशै तताएको छ । यतिका दिन वितिसक्दा पनि अपराधी पत्ता लाग्न सकेका छैनन् । सायद मलाई बलात्कार गरेर हत्या गर्नेहरू सत्ताग्रहबाट आएका एलियन पो हुन् कि ? सत्ताग्रहबाट आएर मलाई बलात्कार गरिवरि हत्या गरेर उतै पो फर्के कि ? नत्र यो पृथ्वीका, त्यसमा पनि नेपाल मण्डलका, अझ कञ्चनपुरेका र भिमदत्त नगरमै बसोबास गरेकाहरू हुन्थे भने त अजसम्म एकएक घरको खानतलासी गरेको भए पनि फेला पर्दा हो । आजसम्म फेला नपर्नुको कारण तिनीहरू पक्कै पनि सत्ताग्रहबाट आएका एलियन हुन पर्छ भन्ने मेरो ठम्याई छ । त्यो त पत्ता लाग्ने सम्भवै छैन । किनकि सत्ताग्रहमा भएका प्राणी त एलियन मात्रै हुन् । तिनको बारेमा पत्ता लाउन बैज्ञानिकले त सकेका छैनन् अरूको के कुरो भयो र । कठै बिचरा । किन पुलिसलाई दुःख दिएको होला । अझ केही पुलिसका हाकिमहर्को त जागिरै खाइदिए छन् ।

हुन त मलाई बलात्कार गर्ने र हत्या गर्नेलाई मैले त चिन्दछु, बाँचेको भए म तिनको पोल खोलिदिने थिएँ तर म मरिसकेको हुनाले म आफैंले भन्न मिल्दैन । खोज्नु पर्नेले खोज्दैन । अरूले खोजेर फेला नै पर्दैन । आन्दोलन गर्नेहर्ले पनि पुलिस मन्त्रीको राजिनामा किन माग्या होलान् । तिनको पद त मिस्टर सुप्रिमोले उहिल्यै खाइद्या हुन् । केकेजाति तिनप्याओवादी आरोप लगाई, पद खोसी, नाङ्फार पाऱ्या'थे । त्यसको रिस फेर्न बैद्यबातिर लागेर हिँडेका हुन् । भारतीय दलाल, लाल गद्दार भनी उधुम मच्चाएर क्यै सिप नचलेपछि उतै फर्केर बल्लतल्ल तड्ग्रिएर मन्त्रीको जागिर खा'छन् । त्यै पनि किन खोस्दिनु ?! खाउन् बिचराले ।

मेरो हत्या भएको दिन मेरा घरका परिवार जुठा परेको हुनाले बम दिदीबहिनीको घरमा मेरी आमालाई पस्न नदिइएको हो । जुठा परेका मनुखे ठकुरीका घरमा पस्नु हुँदैन । जबर्जस्ती पस्न खोजेमा हामी पहुँच सानोतिनो छैन है भनेर मेरी आमालाई उनीहर्ले थर्काएका हुन् । यो देशमा मजस्ता सयौंले दिनहुँ बलात्कार र हत्या भोगेका हुन्छन् । पुलिसले कतिको खोजतलास गरोस् । त्यसैले मेरो बारेमा खोजतलास गर्न चासो नदिएको हो । विचरो पुलिसले तस्कर, डनहरू, सत्तावादी नेता र तिनका धुपौरे, चम्चेहरूको सुरक्षा गरोस् कि हामीजस्ताको पछि लागोस् । हाम्रै लिङ्गी पुलिसवाला चौकीमै बलात्कृत हुन्छन् र त तिनको बारेमा क्यै हुन्न । हाम्रो भन्नु के कुरा भयो र ? जहाँसम्म सबुत प्रमाण नष्टको कुरो छ, बलात्कार भैसकेपछि हत्या भैसकेपछि तिनका प्रमाण राखेर मरेको मनुखे बाँच्ने हैन क्यारे । किन राख्नु पऱ्यो प्रमाण ? त्यसैले नष्ट गरिए होला ।

साठी वर्षको त्याग तपस्या र वलिदानपछि बल्लतल्ल 'बामपन्थी' (खासमा हामपन्थी) को दुईतिहाई सरकार बनेको छ । यस्तो सरकारका बिरुद्ध दागा धर्ने अधिकार कसैलाई छैन । यदि यो सरकारको विरुद्धमा कसैले आन्दोलन गर्छ भने त्यसलाई लाठी चार्ज मात्रै हैन गोली नै चार्ज गर्ने र तिनलाई सोत्तर पार्ने अधिकार छ । उखानप्रसाद र मिस्टर सुप्रिमोको ठूलो दुःखले आर्ज्याको गनतन्त्रमा विरोध गर्ने, नारा जुलुस लाउने, इधरउधर गर्ने कसैलाई छुट छैन । त्यै भएर जुलुस लाउन विरोध गर्न प्रतिबन्ध लाउन खोज्या हो । तर मोरो गनतन्त्र बिरोधी सर्वोच्चले मानेन र पो ।

मेरो हत्यारा र बलात्कारी भन्दै कहिले कस्लाई कहिले कस्लाई डमि बनाएर पुलिसले किन सिँगार्न पऱ्या होला । त्यो भन्फट नगरे पनि त हुँदो हो । डमिहरू साँच्चैका अपराधी हुन्थे भने विचरा पुलिसका हाकिमहर्को जागिर किन खाइदिन पऱ्यो ? प्रतिवेदन लेख्ने सचिवले राजिनामा दिनु र फेरि फर्कनु, यतिका दिनसम्म फेला नपरेका डमिहरू अहिले मात्रै तयार हुनु, साइकल भेटिएको भए लास पनि त्यातै होला भनेर मेरा सङ्गिनीहर्ले भन्नु, मेरो हत्या भएको अर्को दिन सङ्गिनीको घरको कोठा पेण्टिङ गर्नु, अम्बाको रुख काट्नु, मेरो सुरुवाल पखालिनु, बुबाको नक्कली औँठा छाप लगाएर लासको मुचुल्का बनाउनु, होटेलबाट सिसि फुटेज हटाउनु, अनसन बसेका बुबाको पकेटमा सल्फस हालेर बुबालाई उल्लू बनाउन खोज्नु आदि इत्यादि सबै कुरा सत्ताग्रहका एलियनहर्को निर्देशनमा भएको हो । यसमा कसैले बिनासित्तिमा चासो दिएर टाउको दुखाउनु बेकार छ । पृथ्वीग्रहका मनुखेले घटाएको घटना भए पो खोजतलास गरेर वास्तविक अपराधी ठिँगुरिन्थ्यो । यो त सत्ताग्रहका एलियनहर्को केश भएकाले फेला पर्ने कुरै भएन । आन्दोलन गर्नेहर्ले सरकारको जरोकिलै उखेल्न खोजेपछि विचरो दुईतिहाईको 'बामे' सरकारले डमि तयार गरेर नदेखाए अर्थोक के गरोस् त ।

मलाई त यस्तो लाग्छ कि हामी छोरी भएर जन्म लिनु पो अपराध हो । अझ त्यसमा पनि राम्री र सुन्दरी भएर जन्मनु त भनै महाअपराध हो । अपराधी त हामी पो हौं । हाम्रो नेपाल मण्डलका सबै मनुखेले हाम्रो जस्तो घटना घटाउनेलाई फासिको सजाय दिन पर्छ भन्दा पनि सरकार र मान्नेहर्ले त्यस्तो कानून बनाउन पर्थ्यो नि । बनाउँदैनन् । किनकि त्यस्तो कानून बनाउँदा तस्कर, डन, हत्यारा, लुटेरा, चोर, डाँका फस्ने खतरा हुन्छ । तिनलाई फसाउन त भएन नि । उनीहर्लाई पाटी चलाउँदा, चुनाउ गराउँदा महत्वपूर्ण सहयोग तिनैले गर्छन् । हामी जस्ता बबुरा मनुखेले त एउटो भोट दिने त हो । उनीहर्ले त बाक्साका बाक्सा भोट खसालिदिन्छन् ।

बरू कुरो के भने अब उप्रान्त मेरो विषयलाई लिएर जुलुस हडताल गर्नु बेकार छ । बेकारमा समय खेर किन फाल्नु । सरकार र सरकारको सुरक्षामा खटेका सुरक्षाकर्मीहर्ले पटक पटक डमि तयार गर्दै देखाउँदै गर्नुले सरकार निकै ठूलो दवावमा छ भन्ने कुरा बुझिन्छ । गनतन्त्रको बिचरो 'बामे' सरकारलाई यत्रो सास्ती किन दिन पऱ्यो ? नदिए पनि हुन्छ । अब त आन्दोलन पनि नगरे हुन्छ । मेरा बा आमाको दुःख एकातिर छ, आन्दोलन अर्कैतिर जान थाल्यो । कसैले डलर कमाउने भाँडो मलाई नबनाए पनि मलाई अलिक शान्ति त हुँदो हो । गनतन्त्रमा हामीजस्ता छोरीहर्को हुर्मत नलिए कसरी यत्रो गनतन्त्र टिक्ला ?

*२३ मङ्सिर २०७५*

# घोषित संघर्षका कार्यक्रमले दलाल राज्यसत्तालाई धक्का दिनेछ



❑ सीपी गजुरेल, अध्यक्ष- देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल

*देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका केन्द्रीय अध्यक्ष सीपी गजुरेल नेकपा (क्रान्तिकारी माओवादी)को वरिष्ठ स्थायी समिति सदस्य समेत हुनुहुन्छ। क्रान्तिकारी माओवादीको बुटबल बैठकले लिएका मूलतः संघर्षका योजनाले यतिखेर आम क्रान्तिकारी पंक्तिलाई उत्साहित पारेको छ भने प्रतिक्रियावादी कित्तामा पनि तरंग पैदा गरेको छ। वर्तमान ओली नेतृत्वको सरकार आफ्नै कार्ययोजनामा पूर्णतः असफल बनेको र सरकारका विरुद्ध चौतर्फी रूपमा जनआक्रोश चुलिंदै गएको र जनताले वैकल्पिक राजनीतिक शक्तिको खोजी गर्न थालेको पृष्ठभूमिमा नयाँ जनवादी क्रान्तिको तयारी गरिरहेको क्रान्तिकारी माओवादीको मंसिर १२ देखि १७ सम्म चलेको बैठकले लिएका संघर्षसम्बन्धी निर्णयहरूको विशेष महत्व छ। हामीले संघर्षसम्बन्धी निर्णयहरू र त्यसको मूल स्पिरिटमाथि केन्द्रित रहेर जनताका प्रिय नेता गजुरेलसँग हामीले गरेको महत्वपूर्ण संवादलाई यहाँ प्रस्तुत गरेका छौं। – सं.*

***नेकपा (क्रान्तिकारी माओवादी)को हालै सम्पन्न केन्द्रीय समितिको बैठकले लिएका निर्णयहरूको मूल स्पिरिटबारे संक्षिप्तमा प्रकाश पारिदिनुस् न।***

हाम्रो गौरवशाली पार्टी नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी) को हालै बुटवलमा केन्द्रीय समितिको बैठक सम्पन्न भयो । नेपाल यतिखेर जुन अत्यन्त विकराल परिस्थितिबाट गुज्रिरहेको छ, त्यस सन्दर्भ माथि विचार गर्दा यो बैठकको ठूलो महत्व छ। यसले लिएका निर्णयहरूको स्पिरिटलाई पनि यसै सापेक्षतामा लिनु आवश्यक छ।

यो बैठकको स्पिरिटको सबैभन्दा महत्वपूर्ण पक्ष संघर्ष सम्बन्धी विषय हो। विगतमा हाम्रो पार्टीमा गराइएको फूटको कारण संगठन सापेक्षित रूपमा कमजोर भएकाले संगठन सुदृढीकरण र विस्तारको कामलाई पार्टीले महत्व दिएको थियो । यसलाई यसप्रकार योजनामा मूर्तिकरण गरिएको थियो- संगठन, संगठन र फेरि पनि संगठन। अर्को चरणमा गएर संगठन र संघर्ष दुवैलाई सन्तुलित किसिमले अगाडि बढाउने नीति लिइएको थियो, जसअनुसार संगठन-संघर्ष-संगठनमा मूर्तिकृत गरिएको थियो । यस पटकको केन्द्रीय समितिको बैठकले संघर्षमा बढी जोड दिएको छ- संघर्ष-संगठन-संघर्ष । आज नेपाली समाजले यो राज्यसत्ताको उत्पीडनबाट उन्मुक्तिका लागि संघर्षका खाँचो महशुस गरिरहेको बेलामा हाम्रो पार्टी केसले लिएको निर्णयको भारी महत्व छ।

***आम हड्तालसम्मका संघर्षका कार्यक्रम सार्वजनिक गर्नुभएको छ । जनसंघर्ष र प्रतिरोध संघर्ष गर्ने पनि भनिएको छ। यसको आवश्यकता किन पऱ्यो ? प्रष्ट पारिदिनुस् न।***

आम हड्ताल जनसंघर्ष र जनआन्दोलनको एउटा उत्कर्ष रूप हो। जन आन्दोलन वा जनसंघर्षलाई एक दुई दिन झारा टार्ने किसिमको संघर्षका रूपमा नलिएर निरन्तर रूपमा, प्रस्तुत गरिएका मागहरूलाई पुरा गराउने र दलाल राज्यसत्तालाई समेत धक्का दिने किसिमले अगाडि बढाउने क्रममा आम हडतालसम्म पुग्ने लक्ष्य राखिएको छ। जहाँसम्म प्रतिरोध संघर्षको प्रश्न छ, राज्यले क्रान्तिकारी संघर्षलाई दबाउनका लागि जुन किसिमले दमनको तरिका अपनाइरहेको छ, त्यसको सामना गर्न प्रतिरोध संघर्ष आवश्यक हुन गएको छ । प्रतिरोध संघर्षबिना जनआन्दोलनको सुरक्षा र विकास गर्नु कठिन हुने भएकोले यसप्रकारका संघर्षलाई एक साथ अघि बढाउनु आवश्यक भएको हो ।

***बन्द हड्ताल गर्दा सर्वसाधारण जनता मारमा पर्ने र जसका विरुद्ध संघर्ष गरिने हो त्यहाँ खासै असर पुग्दैन भन्दै विरोध गर्नेहरू पनि छन् । वैकल्पिक संघर्षका मोडेलहरूको विकास गर्न आवश्यक छ भन्नेहरूलाई के भन्नुहुन्छ ?***

बन्द, हड्तालहरू संघर्षका महत्वपूर्ण स्वरूपहरू हुन् । गम्भीर स्थितिमा यस प्रकारका संघर्षका रूपलाई अपनाउने गरिन्छ । तर, नेपालमा यस्ता महत्वपूर्ण संघर्षका रूपको अत्यन्त अबमूल्यन हुने गरी जथाभावी र गैरजिम्मेवारीपूर्ण तरिकाले घोषणा गर्न थालियो । जसका कारण समाजमा त्यसप्रकारका गैरजिम्मेवारपूर्ण र कतिपय अवस्थामा नक्कली किसिमका "बन्द"का कार्यक्रमले केही वितृष्णा पैदा गर्ने काम भयो । यसका साथै संघर्षबाट जोगिनका लागि पनि भ्रष्ट तत्वहरूले शाषक वर्गका मानिसहरू मार्फत् ती संघर्षहरूलाई अतिशयोक्तिपूर्ण रूपमा प्रचार गर्ने काम गरे । जनताको मुक्तिका लागि, राज्यद्वारा गरिएका ज्यादतिका बिरुद्ध, समाजमा विद्यमान भ्रष्टाचार, तस्करी, माफियातन्त्र आदिका विरुद्ध गरिने संघर्षमा जनताले त्यस प्रकारका संघर्षको विरोध होइन समर्थन गर्दछन् । संघर्षकै दौरानमा आवश्यकता अनुसार संघर्षका विविध रूपहरू प्रकट हुने गर्दछन् । त्यस प्रकारका रूपहरूलाई पनि प्रयोगमा ल्याउनमा ध्यान दिनु पर्दछ । अहिले हामीले कुनै नयाँ मोडेल नै चाहिन्छ भन्ने ठानेका छैनौं ।

***राष्ट्रियता, जनतन्त्र, जनजीविका समस्याहरू दिनानुदिन भयावह बन्दै गएका छन् । यो व्यवस्था रहुन्जेल यी समस्याहरूको समाधान हुने देखिन्न । बन्द हड्तालबाट अहिलेको सरकारले तपाईंहरूको आवाज सुन्ला र ?***

राष्ट्रियता, जनतन्त्र र जनजीविका सम्बन्धी समस्या दिनानुदिन भयावह बन्दै गएको कुरा सत्य हो । यो व्यवस्था रहुन्जेल यी सबै समस्याहरूको समाधान हुन्न भन्ने कुरा पनि सत्य हो । तर, यी विषयसँग सम्बन्धित साना तिना माग पनि पुरा हुन सक्दैनन् भन्ने कुरा सत्य होइन । साना तिना मागहरू पुरा गराउन सक्दा पनि जनतामा हौसला बढ्दै जान्छ र झन् धेरै जनता संघर्षमा सहभागी हुँदै जान्छन् । क्रान्तिकारी शक्ति बलियो बन्दै जाने र प्रतिकृयावादी शक्ति कमजोर बन्दै जाने क्रम अगाडि बढ्दै जान्छ । यदि सरकारले जनताका आवाज सुनेन, जायज मागहरू पुरा गरेन र तिनीहरूमाथि दमन गर्न थाल्यो भने यो सरकारका विरुद्ध जनताको आक्रोस बढ्दै जान्छ र अन्तमा यसको अन्त पनि अनिवार्य बन्न जान्छ ।

***राज्य त क्रान्तिकारी शक्तिका विरुद्ध निरंकुश रूपमा प्रस्तुत हुँदै आएको छ । राज्यले गर्ने दमनको प्रतिरोध कसरी गर्नुहुन्छ ?***

यो कुरा साँचो हो कि राज्य क्रान्तिकारी शक्तिका विरुद्ध निरंकुश रूपमा प्रस्तुत हुँदै आएको छ। यसका साथै यो कुरा पनि सत्य हो कि यसका विरुद्ध संघर्ष पनि हुँदै आएका छन् । कतिपय ठाउँमा सरकार पछि हट्न वाध्य पनि भैरहेको छ । उदाहरणका लागि सरकारले जनताको विरोधलाई कुल्चनका लागि काठमाडौं लगायत देशैभर सार्वजनिक विरोध र धर्ना गर्ने ठाउँहरूमा निषेधाज्ञा घोषणा गरेको थियो । तर त्यसलाई लागु गर्न सकेन । जहाँसम्म प्रतिरोध कसरी गर्ने भन्ने विषय छ, त्यो त परिस्थिति माथि र क्रान्तिकारी शक्ति र प्रतिक्रियावादी शक्तिका बीचको शक्ति सन्तुलनमा पनि निर्भर गर्दछ।

***ओली सरकारको नौ महिने अवधिलाई हेर्दा सरकार आफैले अगाडि सारेका कार्ययोजनामा पूरै असफल भएको देखिन्छ। जनता वैकल्पिक राजनीतिक शक्तिको खोजी गर्न थालेका छन् । क्रान्तिकारी माओवादीले त्यो हैसियत प्रदर्शन गर्न सक्छ ?***

ओली नेतृत्वको यो कथित दुई तिहाई बहुमतको सरकार नौ महिनामै पूर्णरूपमा असफल सावित भैसकेको छ । निश्चित रूपमा जनता यो सरकारका विरुद्ध वैकल्पिक शक्तिको खोजीमा छन् । त्यो वैकल्पिक शक्ति पनि वर्ग संघर्षकै दौरानमा तयार हुने कुरा निश्चित छ । जहाँसम्म क्रान्तिकारी माओवादी पार्टी हो विचारका दृष्टिले, राजनीतिका दृष्टिले, योजनाका दृष्टिले वैकल्पिक शक्ति नै हो र यसले त्यो भूमिका खेल्दै पनि आएको छ। आत्मगत शक्तिका हिसाबले यो पार्टीले त्यो हैसियत अहिले नै देखाइहाल्न सकेको छैन। विचार, राजनीति, योजना, कार्यदिशा, कार्यशैली आदि सबै पक्षमा यो वैकल्पिक शक्तिका रूपमा जनतामा परिचित भएपछि संघर्ष कै दौरानमा यो आत्मगत रूपमा पनि वैकल्पिक शक्ति बन्न सक्नेछ। यसमा कुनै सन्देह छैन।

***तपाई देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालको अध्यक्ष समेत हुनुहुन्छ । अब यो मोर्चाले के कस्ता कार्यक्रमहरू लिएर जनताको बीचमा जान्छ ?***

देशभक्त जनगणतान्त्रिक मोर्चाले माथि उल्लेखित राष्ट्रियता, जनतन्त्र र जनजीविका सम्वन्धी मागहरू पुरा गराउनका लागि अगाडि बढ्दछ। यी संघर्षमा यो मोर्चा आफैं तयारीमा पनि लाग्दछ र यसको नेतृत्व पनि गर्दछ। नेपाली समाज केही समय मै एउटा ठूलै जन संघर्ष, जनआन्दोलनका बीचबाट गुज्रनुपर्ने अवस्था आउने कुरा निश्चित जस्तै देखिन्छ । यसमा देशभक्त जनगणतान्त्रिक मोर्चाले अग्रणी भूमिका खेल्ने छ । यहि आगामी पौष १ गतदेखि बस्ने देशभक्त जनगणतान्त्रिक मोर्चाको केन्द्रीय समितिको बैठकले संघर्षका कार्यक्रमलाई ठोस गर्ने छ।

***नयाँ जनवादी क्रान्तिका तीन जादुगरी हतियारमध्ये 'संयुक्त मोर्चा'को रूपमा हेर्ने गरिएको देजमोले आगामी दिनमा संयुक्त मोर्चाको कामलाई कसरी अगाडि बढाउँछ ?***

क्रान्तिकारी संयुक्त मोर्चाको कामलाई अघि बढाउनका लागि यो मोर्चाले सबैभन्दा पहिले यो पश्चगामी व्यवस्थाको अन्त्य गरी नेपालमा जन गणतन्त्रको स्थापना गर्न चाहने शक्तिहरूलाई, व्यक्तिहरूलाई गोलबन्द गर्ने र त्यो शक्तिलाई प्रभावशाली बनाउने प्रयास गर्ने छ । यसका साथै जनता र राष्ट्रका पक्षमा राज्यसँग गरिने संघर्षमा समान मागहरूका आधारमा अन्य शक्तिहरूसँग पनि कार्यगत एकता वा संयुक्त मोर्चा बनाएर संघर्षका कार्यक्रमलाई अघि बढाउने काम गर्दछ।

***मुद्दा मिल्नेहरूसँग सहकार्य वा कार्यगत एकताको सम्भावना कस्तो देख्नुहुन्छ ?***

हामीले त्यस प्रकारका कार्यगत एकताका प्रयास र अभ्यास पनि गर्दै आएका छौं । तर अनुभवले के देखाएको छ भने विविध प्रकारका अवसरवादी प्रवृत्तिहरू त्यसको निरन्तरता र विकासमा वाधक बन्ने गरेका छन् । तथापि त्यस प्रकारका कार्यगत एकता वा अस्थायी किसिमका संयुक्त मोर्चा बनाएर अघि बढ्ने हाम्रो प्रयत्न जारि रहने छ।

***अन्तमा, आमूल परिवर्तनका पक्षधर जनता, सहिद वेपत्ता परिवार, घाइते तथा आम क्रान्तिकारी पंक्तिलाई के आव्हान गर्न चाहनुहुन्छ ?***

नेपाली जनता, महान सहिद, वेपत्ता परिवार, घाइते तथा आम क्रान्तिकारी पंक्तिको नेपाली क्रान्तिका कार्यभार पुरा गर्नमा महत्वपूर्ण भूमिका रहेको छ र रहने छ । हामीलाई थाहा छ, ठिक यतिखेर क्रान्तिकारीहरूका अगाडि अनगिन्ति चुनौतिहरू छन् । ती चुनौतीको सामना गर्दै नयाँ जनवादी क्रान्तिको तयारीमा, नेपालमा जन गणतन्त्रको स्थापना गर्ने काममा आफ्ना ठाउँबाट सकृयता देखाउन वहाँहरूलाई आव्हान गर्न चाहन्छु । धन्यवाद !

संसारका मजदुरहरु एक होऔं ! मार्क्सवाद-लेनिनवाद-माओवाद – जिन्दावाद !

नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी)
Communist Party of Nepal (Revolutionary Maoist)
केन्द्रीय आयोजक समिति
Central Organising Committee

पत्र संख्या/Serial No. :-
चलानी नं./Regd.No. :-

मिति : १८ मङ्सिर ०७५

**प्रेसविज्ञप्ति**

२०७५ मङ्सिर १२ देखि १७ गतेसम्म महासचिव क. किरणको अध्यक्षतामा नेकपा (क्रान्तिकारी माओवादी) को केन्द्रीय समितिको बैठक रूपन्देही जिल्ला बुटवल उपमहानगरपालिकामा सम्पन्न भयो । बैठकमा लिइएका आवश्यक महत्वपूर्ण निर्णयहरूको सार्वजनिकीकरण गर्न निम्नअनुसार प्रेसविज्ञप्ति जारी गरिएको छ :

१. बैठकको प्रारम्भमा विश्वक्रान्ति, जनयुद्ध तथा विभिन्न सङ्घर्षहरूमा वीरगति प्राप्त अमर सहिदहरूप्रति एक मिनेट मौनधारण गरी भावपूर्ण श्रद्धाञ्जली अर्पण गरियो ।

२. महासचिव क. किरणद्वारा केन्द्रीय कार्यालयका तर्फबाट वर्तमान राजनीतिक परिस्थिति, पार्टी कामको समीक्षा र आगामी कामबारे रिपोर्ट प्रस्तुत गरियो । रिपोर्टमाथि व्यापक छलफल भयो र आवश्यक थपघट तथा परिमार्जन सहित सो रिपोर्ट सर्वसम्मत रूपमा पारित भयो । रिपोर्टको सारसङ्क्षेप यसप्रकार रहेको छ :

(क) आज विश्वमा साम्राज्यवादी तथा विभिन्न शक्तिकेन्द्रहरूका बीच नवउदारवाद र संरक्षणवादको विषयलाई लिएर सङ्घर्ष चलिरहेको छ र त्यो व्यापारयुद्धमा केन्द्रित बन्न गएको छ । अहिले एकातिर नवउदारवाद तथा संसदीय व्यवस्था असफल प्रमाणित हुँदै गएका छन् भने अर्कोतर्फ संरक्षणवाद फासीवादतर्फ उद्यत हुँदै गएको छ । आज विश्वमा साम्राज्यवादको विरोध र विकल्पमा समाजवादको आवाज सशक्त रूपमा उठिरहेको छ र कतिपय मुलुकहरूमा नयाँ जनवादी तथा राष्ट्रिय मुक्ति आन्दोलन पनि विकसित हुँदै गएका छन् ।

(ख) दुई तिहाई बहुमतको दम्भ प्रदर्शित गर्दै बनेको कथित वाम तथा कम्युनिस्ट नामधारी नव प्रतिक्रियावादी दलाल सरकारद्वारा दिइएको 'समृद्ध नेपाल र सुखी नेपाली' भन्ने .नाराको धज्जी उडेको छ । राष्ट्रियता, जनतन्त्र र जनजीविकाका समस्या झनै विकराल बनेका छन् । कालापानी, सुस्ता, महेशपुर सहित देशका विभिन्न ठाउँमा हुँदै आएको व्यापक सीमा अतिक्रमण, नेपाली नक्साको विद्रूपीकरण र विस्तारवादद्वारा तयार पारिएको नक्साको प्रयोग, आफुलाई राष्ट्रवादी बताउने सरकारद्वारा भारतसित विशाल मात्रामा बिजुलीको खरिदगरी लोडसेडिङ्ग अन्त्य भएको भनी गरिएको ढोंग प्रदर्शन एवम् महत्वपूर्ण जलस्रोत तथा जलविद्युत आयोजनाको बेचबिखन, जनसंख्या अतिक्रमण तथा नागरिकता समस्या, निर्मला पन्त लगायतका किशोरीहरूको बलात्कार तथा हत्या, पहिचान सहित संघीयताको अवज्ञा, मूल्यवृद्धि, करवृद्धि, भूमाफिया तन्त्र, राष्ट्रिय उद्योग धन्धाको विकासमा हुँदै आएको अवरोध, व्यापार घाटा, निजीकरण, दलालीकरण आदिका कारण मजदुर, हलिगोठाला, सुकुम्बासी, कमैयाँ, किसान, महिला, दलित, आदिवासी जनजाति, मधेशी, मुस्लिम सहित उत्पीडित वर्ग र जनसमुदाय गंभीर उत्पीडन र पीडामा छटपटाउँदै आएका छन् । जनयुद्धका सहिद, वेपत्ता तथा घाइते अपाङ्ग योद्धा, बर्हिगमित जनमुक्ति सेनाका योद्धाहरूले उठाउँदै आएका जायज मागहरूको सम्बोधन गरिएको छैन । एकातिर जनयुद्धकालीन मुद्दाहरूलाई नियमित अदालती प्रक्रियामा लग्ने काम भइरहेको छ भने अर्कोतिर सत्यनिरूपण तथा मेलमिलाप आयोगलाई अधिकार विहीन तथा बेवारिसे बनाई विघटित गरिँदै छ ।

(ग) रिपोर्टमा पार्टी, संयुक्त मोर्चा तथा ज.व.स. मोर्चाका सांगठनिक काम र गतिविधिहरूको समीक्षा गरिएको छ । सांगठनिक काममा केही प्रगति भएपनि तिनलाई अझै अपेक्षित रूपमा व्यवस्थित बनाउन सकिएको छैन ।

(घ) वर्तमान परिस्थितिको जटिलता तथा देशको ऐतिहासिक आवश्यकतामाथि ध्यानदिंदै नयाँ जनवादी क्रान्तिको तयारीका निम्ति संगठन, सङ्घर्ष लगायतका कामलाई आगामी दिनमा व्यवस्थित बनाउनेबारे कैयौं महत्वपूर्ण निर्णय लिइएका छन् ।

३. संगठनको क्षेत्रमा केन्द्रीय समितिका सदस्यहरूको जिम्मेवारी र कार्यविभाजनका कामलाई केही परिमार्जन गरिएको छ । प्रदेश तथा जिल्लाहरूमा नियमित रूपमा स्कुलिङ्ग गर्ने निर्णय लिइएको छ ।

४. सङ्घर्षबारे:

(क) राष्ट्रियता, जनतन्त्र र जनजीविकाका सवालहरूलाई लिई चरणबद्ध रूपमा जनआन्दोलनका कामलाई विकसित तुल्याउने ।

(ख) प्रारम्भमा देशव्यापी रूपमा सङ्घर्षका विषयमा गोष्ठी, अन्तरक्रिया, भित्तेलेखन लगायतका प्रचारात्मक आन्दोलनका कार्यक्रमहरूलाई अगाडि बढाउने ।

(ग) युवामोर्चाको पहल तथा सहभागितामा देशव्यापी रूपमा फागुन १ गते रातो मार्चपास कार्यक्रमको आयोजना गरी जनयुद्ध दिवस मनाउने ।

(घ) फागुन महिनामा सन् १९५० लगायतका असमान सन्धि-सम्झौताहरूको खारेजी, सीमा अतिक्रमण, नक्कली नक्सा, भारतद्वारा सीमा क्षेत्रमा एकपक्षीय रूपमा बनाइएका बाँध तथा सडक निर्माण लगायतका गतिविधि तथा मिचाहा प्रवृत्तिको विरोध र राष्ट्रिय स्वाधीनताको रक्षाको विषयलाई लिएर मेची-महाकाली राष्ट्रिय जनजागरण कार्यक्रम सञ्चालन गर्ने ।

(ङ) संयुक्त मोर्चाको पहल तथा सबै जनवर्गीय मोर्चाहरूको सहभागितामा जनपरिचालन सहित विभिन्न कार्यक्रमहरू दिंदै चैत्र २४ गते काठमाडौंमा एउटा केन्द्रित कार्यक्रमको आयोजना गर्ने ।

(च) सङ्घर्षका विभिन्न केन्द्रित कार्यक्रमहरूका बीचबाट निश्चित समयमा देशव्यापी आम हडतालको आयोजना गर्ने ।

(छ) युवामोर्चाद्वारा देशमै रोजगारीको अवस्था सिर्जना गर्न र सो नभएसम्म बेरोजगारी भत्ताको व्यवस्था मिलाउनका लागि देशका विभिन्न प्रदेश तथा जिल्लाहरूमा गरिएको हस्ताक्षर संकलनलाई केन्द्रित गरी केन्द्रीय सरकार समक्ष मागपत्र प्रस्तुत गर्ने ।

(ज) हरेक प्रदेश र जिल्लाहरूमा भ्रष्टाचार, कमिसनखोरी, बलात्कार तथा हत्या, ठगी, जालझेल, शोषण, उत्पीडनको विरोध र सुकुम्बासी, हलिया, कमैयाँ, गरीव किसान सहित उत्पीडित वर्ग तथा जनताका मागहरूमाथि आवश्यक ध्यान दिंदै वर्गसङ्घर्ष र जनप्रतिरोध सङ्घर्ष विकसित तुल्याउँदै जाने ।

५. साझा मुद्दामा विभिन्न राजनीतिक शक्ति तथा पक्षसँग मिली संयुक्त सङ्घर्ष चलाउन प्रयत्न गर्ने ।

६. माओ दिवस, सहिद सप्ताह, अन्तर्राष्ट्रिय महिला दिवस, सांस्कृतिक प्रतिरोध दिवस, लेनिन दिवस, मार्क्सको २००औं शतवार्षिकी लगायतका समारोहहरूलाई सङ्घर्षका कार्यक्रमका रूपमा मनाउने ।

अन्त्यमा, महासचिवद्वारा संगठन र सङ्घर्षका कार्यक्रमहरूलाई दृढतापूर्वक कार्यान्वयन गर्न विशेष जोड दिंदै तथा बैठक सफल तुल्याउन महत्वपूर्ण भूमिका निर्वाह गर्नुभएकोमा केन्द्रीय समितिका सदस्य सहित सम्बन्धित सबै कमरेडहरूप्रति धन्यावाद व्यक्त गर्दै बैठकको समापन गरियो ।

मोहन वैद्य (किरण)
महासचिव

वर्गदृष्टि Bargadristi Weekly साप्ताहिक

# निर्मलाको हत्याकाण्डमा गहिरो गरी तानिँदै ओली सरकार



काठमाडौं । कञ्चनपुरकी १३ वर्षीया निर्मला पन्तको हत्यारा अहिलेसम्म पत्ता नलागेपछि 'सरकार भेटियो, तर न्याय भेटिएन' भन्ने पोष्टर देशभर टाँगिएका छन् । विजुलीका खम्बाहरूमा पोष्टरहरू टाँगिइन्छ, प्रहरीले ती सबै च्यात्दै जान्छ । निर्मलाको हत्याराको खोजीसँगै गृह प्रशासनले बनाएको 'जनतासँग प्रहरी अभियान' अहिले उनै निर्मलाको न्यायको माग गर्दै फोटो छापिएको पोस्टर च्यात्न परिचालन गरिएको छ । यसले देखाउँछ- निमला हत्या प्रकरणमा ओली सरकार गहिरो गरी मुछिदै जान थालेको संकेत ।

प्रहरी प्रशासन निर्मलाका हत्यारा सार्वजनिक गर्न नसकेको कमजोरी लुकाउन देशव्यापी 'पोष्टर' च्यात्ने अभियानमा जुटेको छ । निर्मलाको न्यायका लागि देशव्यापी चलेको पोष्टर आन्दोलनबाट गृहप्रशासन त्राहीमाम भएको देखिन्छ ।

**भेजिनल स्वाब नै पठाएको छैन**

प्रमाणहरू सबै नष्ट गरिसकेपछि पठाइएको भनिएको 'भेजिनल स्वाब' नभएको कुरा प्रमाणित हुन आएको छ । सारा प्रमाण योजनाबद्ध रूपमा नष्ट गर्ने स्थानीय प्रहरी प्रशासनले उक्त वैज्ञानिक प्रमाण पठाउने त कुरै भएन । तर हालसम्म हुँदै नभएको यही कुरालाई रहस्यमय बनाएर जनताका आँखामा छारो हाल्न यो सरकारको गह प्रशासन लागि परिरहेको छ ।

**प्रोक्सी प्रमाण र डमी फिगर**

गृह प्रशासन अहिले प्रोक्सी प्रमाणको हल्ला गर्दै डमी फिगर निर्माणका लागि रातदिन लागि परेको देखिएको छ । यसले पछिल्लो पटक एकजना युवालाई काठमाडौंमा गिरफ्तार गरिएको पनि बताएको छ । यसभन्दा अघि दिलिपसिंह बिष्टलाई पक्राउ गरेर चरम यातना दिई निर्मलाको बलात्कार र हत्या स्वीकार गर्न लगाए पनि स्थानीय जनताले उनी निर्दोष भएको बताए पछि छाडिएका थिए । तर एक निदोष नागरिकलाई सरकार र राज्यका तर्फबाट त्यति ठूलो यातना दिएर पनि अहिलेसम्म कुनै क्षतिपूर्ति दिएको छैन । नचाहिने गरी नागरिकहरूको गिरफ्तारी र यातनाका भरमा बोलकबोल गर्न लगाउने छुट सरकार र राज्यलाई छैन ।

**के प्रहरी सरकार गिराउने र बनाउने माफियाको चंगुलभित्र छ ?**

अझ गम्भीर कुरा त के पनि खुल्दै जान थालेको छ भने गृह प्रशासन नै सरकार गिराउने र बनाउने माफियाहरूको चंगुलमा फसेको त छैन ? होइन भने प्रमाण नष्ट गर्न स्थानीय प्रहरी आफै किन त्यति बिघ्न लागि परेको थियो ? आफैले प्रमाण नष्ट गर्नु र अहिले अनुसन्धानका नाममा 'डमी' खोज्दै र सिंगार्दै हिंड्नु राज्य र सरकारका लागि सुहाउने कुरा होइन । यो भन्दा गल्ती स्वीकार गर्नु र माफि माग्नु धेरै बेस ।

**तथ्यका आधारमा अनुसन्धान जारी राखोस्**

यदि प्रहरीले यो काम गरिसक्ने वा गरेर देखाउने भनी चाहेको छ भने निर्मला पन्तको बलात्कार र हत्या प्रकरणलाई बाँकी रहेका भनिएका तथ्यहरूका आधारमा जारी राखोस् । तर निर्मला पन्तको वारेमा डीएनए, भेजिनल स्वाब आदिजस्ता प्रमाण नै नष्ट गरिएका कुराहरूको हल्लाखल्ला गरेर अन्यत्र मोड्ने दुष्प्रयास नगरोस् ।

# ओली सरकारलाई वित्तीय परिषद्को चुनौती

काठमाडौं। अन्तरप्रादेशिक वित्तीय परिषद्ले यसको पहिलो वैठकबाटै ओली सरकारलाई चुनौती दिएको छ । प्रदेश सरकारका वित्त मन्त्रीहरूको सक्रियता र क्रियाशीलतालाई इन्कार गर्न नसकी बाध्यात्मक रूपमा बसालिएको अन्तरसरकारी वित्तीय परिषद्को वैठक ओली सरकारलाई 'नखाऔं भने दिनभरिको सिकार, खाऔं भने कान्छा बाबुको अनुहार' भएको छ ।

पहिलो वैठकमा सुरुदेखि अन्त्यसम्म घेराबन्दीमा परेका केन्द्रीय वित्तमन्त्री युवराज खतिवडाले प्रादेशिक वित्त मन्त्रीहरूलाई मनाउन र समस्या पन्छाउन 'हुन्छ', 'गरिन्छ', 'ठीक छ', ' मिलाइन्छ', 'हाम्रो साझा समस्या हो', 'थाह छ', 'लागेकै त्यसैमा हो', 'नगरी हुँदैन', 'गर्नै पर्छ', 'प्रम लागिरहनु भएको छ', 'मेरो प्राथमिकतामा छ' जस्ता अमूर्त र बहुअर्थी शब्दावलीहरू प्रयोग गरिरहेका थिए ।

प्रदेशका वित्तमन्त्रीहरूको यदि विगतमा झैं असहयोग गरिएमा प्रदेश आफैले स्वविवेकले काम थालनी गर्ने चेतावनीको भाषा थियो । करका समस्याहरूका बारेमा नीति नबनाइनु, केन्द्रबाट बजेट नदिइनु, विकासका कामहरू ठप्प हुनु, कर्मचारी समायोजन नगरिनु आदि प्रदेश वित्त मन्त्रीहरूका तर्फबाट उठाइएका प्रश्नहरू थिए ।

यस अतिरिक्त केही गंभीर विषयहरू पनि उक्त वैठकमा उठाइएका थिए । ती विषयहरूमा संघीयताका विरुद्धमा प्रम केपी ओलीले मन्द रूपमा चालिरहेका कदमहरूको विरोध प्राथमिकतामा रहेको थियो । यसका साथै सरकार सञ्चालन कहाँबाट भइरहेको छ भन्ने अर्को गम्भीर प्रश्न पनि उठाइएको थियो ।

# सर्वसाधारणको बैंक निक्षेप संकटमा




काठमाडौं । नेपालमा केही महिना अघिदेखि आएको आर्थिक तरलताको संकट अहिले सीमा नाघेर अघि बढिसकेको छ । यो यति धेरै परसम्म पुगिसकेको छ कि यसले अब निक्षेपकर्ता सर्वसाधरणको निक्षेपमा समेत गम्भीर संकट पैदा गरिरहेको छ । तर यो संकटका बारेमा सरकार यसको सम्बन्धित मन्त्रालय अर्थात् अर्थमन्त्रालय केही पनि बोलिराखेको छैन ।

अर्थविदहरूका अनुसार यस्तो अवस्थामा आर्थिक संकटकाल घोषणा गर्ने स्थितिको सिर्जना पनि हुनसक्ने हुन्छ । तर यो गंभीर कुरालाई लिएर सरकारले कसैसँग पनि कुराकानी र रायसुझावसम्म माग गरेको छैन । यसका लागि ऋण वा अनुदानसम्मको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तयारी गरेको पनि देखिदैन ।

भर्खरै स्थापना संघीयता र जनताका आकांक्षाहरूलाई मध्यनजर गरेर सरकारले सस्तो ब्याजमा किसानहरू तथा व्यापारीहरूका लागि लगानी गर्न केही मापदण्डहरू तोकेर ऋण प्रवाह गर्न आह्वान पनि गरेको थियो । तर वैंकर्स असोशियसनले यसलाई कार्यान्वयन गर्न आनाकानी मात्र होइन, अवज्ञा समेत् गरेको छ । वैंकर्ष संघले सस्तो व्याजमा ऋण उपलब्ध गराउन नसकिने यदि उपलब्ध गराउनु पर्ने नै भएमा नेपाल राष्ट्र वैंकले त्यसको जिम्मा लिनु पर्ने भनी राखेको अडान हालसम्म कायमै छ ।

अर्कोतिर उद्योग वाणिज्य संघ र उद्योग वाणिज्य परिसंघ दुवैले वैंकहरूले सस्तो व्याजमा ऋण उपलब्ध नगराएको भनेर विरोध गरिरहेका छन् । विभिन्न कार्यक्रमहरूको आयोजना गरेर देशव्यापी रूपमा सरकारको ध्यानाकर्षण पनि गरिरहेका छन् । तर सरकार आफ्नो निणयलाई लागू गर्न वैकल्पिक व्यवस्थासहित अघि बढ्नु पर्नेमा त्यसो गर्न सकिरहेको छैन ।

हालको नेपाली व्यापार बजारमा ६० अर्बको आर्थिक तरलता रहेको जानकारहरूको तथ्यांकले बताइरहेको छ । यो बढ्दो अवस्थामा भएकाले कल्पना नगरिएको आर्थिक संकट देशमा निम्तिने अर्थविदहरूको आँकलन छ । तर यसका बारेमा नेपालका अर्थमन्त्री युवराज खतिवडाले भने देशमा आर्थिक बृद्धि हुनुपूर्व यसो हुने गरको भनेर हास्यास्पद तर्क अघि सारेका छन् । वैंकर्स संघले अहिले लगानी संकुचित भएको भनेर सरकारसँग वैदेशिक लगानी भित्र्याउन करबल गरिरहेका छन् ।

# चितवनको कलेज अफ मेडिकल साइन्सका विद्यार्थीहरू अखिल (क्रान्तिकारी)मा संगठित



चितवन । जिल्ला स्थित कलेज अफ मेडिकल साइन्समा अध्ययनरत विद्यार्थीहरू नेकपा (क्रान्तिकारी माओवादी) निकट अखिल (क्रान्तिकारी) मा संगठित भएका छन् । कलेजको परिसरभित्र भएको एक कार्यक्रमका बीच उनीहरू संगठित भएका हुन् ।

प्राप्त जानकारी अनुसार उक्त साइन्स कलेजकी छात्रा जयन्ती न्यौपानेको नेतृत्वमा २५ सदस्यीय कलेज इकाई कमिटी निर्माण गरिएको छ । उक्त कमिटीको उपाध्यक्षमा अनुषा अधिकारी, आकृति क्षेत्री र रोशनी गौतम, सचिवमा राजकुमार रावत, सहसचिवमा ममता लामा, श्रृष्टि आले, सरोस्मा श्रेष्ठ कोषाध्यक्षमा निशान सिलवाललाई चयन गरिएको छ ।

संगठनका पूर्व चितवन जिल्ला अध्यक्ष अमृत चपाईको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा संगठनका जिल्ला सहसचिव निश्चल चदरा, जिल्ला सदस्यहरू प्रताप बस्याल, नारायण दाहाल, अस्मिन गुरुङलगायतका नेताहरूको उपस्थिति रहेको थियो । विद्यार्थी नेता चपाईले शैक्षिक माफियाविरुद्ध अखिल क्रान्तिकारीले अब कारबाही थाल्ने चेतावनी दिएका छन् ।

# चितवनको एनपिआई/एनएसएच कलेजमा अखिल (क्रान्तिकारी)को ३९ जनाको मूल इकाई कमिटी गठन

चितवन । जिल्लाकै ठूलो मध्येको एक एनपिआई/एनएसएच कलेजमा आइतबार अखिल (क्रान्तिकारी)को मूल इकाई कमिटी गठन भएको छ । प्रताप बस्याल अध्यक्ष रहेको ३९ सदस्यीय कमिटी निर्माण गरिएको छ । उक्त कमिटीका उपाध्यक्षमा गिरिराज हुमागाई, संजय केाी, सुस्मिता अधिकारी, लाल कुमारी गुरुङ रहेका छन् भने सचिवमा शिवराज नेपाली रहेका छन् । सहसचिवहरूमा मनोज पल्ली, सुरक्षा थापा, रन्जन जयसवाल, सविना यादव रहेका छन् भने कोषाध्यक्षमा अनिल यादव रहेका छन् ।

संगठनका पूर्व जिल्ला अध्यक्ष अमृत चपाईको प्रमुख आतिथ्यता रहेको कार्यक्रममा विद्यार्थी नेताहरू दिपक पोखरेल, अर्जुन विस्ट, निश्चनल, अस्विन, नारायण दाहाल, नविन श्रेष्ठ लगायतको उपस्थिति रहेको थियो ।

कार्यक्रममा विद्यार्थी नेता चपाईले निजी शैक्षिक संस्थालाई राज्यको मातहतमा ल्याउनुपर्ने, विद्यार्थीहरूलाई देशैभर एउटै शुल्क सिलिङ तोकिनु पर्ने धारणा राखेका थिए ।

## डबल...

गरेका छन् ।

शनिबार भएको एक कार्यक्रमका बीच तत्कालीन माकेका तर्फबाट वडा सदस्यका प्रत्यासी माहाराजदिन कुर्मी, महिला वडा सदस्य साल्मा ढपाली, पार्टी सदस्यहरू महेश कुमार बर्मा, रोहित पडहर, पूर्व एमाले युवा पंकज कुमार बर्मा लगायत ३१ जना क्रान्तिकारी माओवादीमा प्रवेश गरेका हुन् । सोही कार्यक्रमबाट विरेन्द्रकुमार बर्माको संयोजकत्वमा २५ सदस्यीय देशभक्त जनगणतान्त्रिक मोर्चाको वडा कमिटी निर्माण गरिएको छ भने पंकज कुमार बर्मा सचिव रहेको पाँच सदस्यीय पार्टी सेल समेत गठन गरिएको छ ।

क्रान्तिकारी माओवादीका केस संकुलको प्रमुख आतिथ्यता रहेको उक्त कार्यक्रममा बाँके सचिव अर्जुन, बर्दिया सचिव भुकम्प लगायतका नेताहरूको उपस्थिति रहेको थियो ।


## सूचना

राष्ट्रिय क्रान्तिकारी बुद्धिजीवी मञ्च नेपालको प्रकाशन विभागद्वारा प्रकाशित भएको विचारप्रधान त्रैमासिक

**'वर्गबोध'**

बजारमा उपलब्ध छ, आफ्नौ प्रति बेलैमा सुरक्षित गरौं ।

**प्रकाशन विभाग**

**वर्गबोध त्रैमासिक**


# नेकपा भत्काउँदै ओली–दाहालको सिण्डिकेट



काठमाडौं । नेकपामा अहिले आन्तरिक विवाद निकै चुलिएर छताछुल्ल हुन पुगेको छ । नेकपाका सचिवायका एक थरी नेताहरू अहिले वैठक बहिस्कारमा लागेका छन् भने अर्काथरिका नेताहरू आफैले एकलौटी निर्णय गर्दै हिंड्न थालेका छन् । यसले नेकपामा सरकार पक्षधर र सरकार विरोधी जस्ता देखिन पुगेका छन् ।

सत्तापक्षधरहरू केपी ओलीको नेतृत्वमा आवद्ध भएका छन् भने अन्य चाहीं सामूहिक नेतृत्व निर्माण गरी अघि बढ्न थालेका छन् । उनीहरूले अहिले वैचारिक, पद्धतिगत, सांगठनिक तथा राजनीतिक रूपान्तरणका कुराहरू गरिरहेका छन् । ओलीदाहालको विचार कार्यशैलीले पार्टीलाई ध्वस्त बनाउँदै लगिरहेको आरोप यी पक्षधरहरूको रहेको छ ।

शनिवार बस्ने भनिएको सचिवालयको वैठकमा ओली र दाहाल निकै ढिला पुगेका थिए । त्यो टिममा महासचिव विष्णु पौडेल पनि सँगै थिए । ओलीदाहाल त्यहाँ पुग्दा नेकपाका नेताहरू माधव नेपाल, झलनाथ खनाल, वामदेव गौतम, नारायणकाजी श्रेष्ठ बैठक कक्षबाट बाहिरिइसकेका थिए । उनीहरूका अनुसार वैठकमा पूर्वनिर्धारित समयभन्दा १५ मिनेट ढिलाइ नगर्ने सहमति भएको बताएका छन् । तर ओली दाहाल भने आधा घण्टा भन्दा ढिलो गरी राजर्षी ठाँटका साथ बैठकस्थल पुगेका थिए । त्यहाँ पुगेपछि उनीहरूले स्थायी समितिको वैठक बोलाउने एकलौटी निर्णय गरेका थिए । माधव नेपाल लगायत वैठक बहिस्कार गरेका नेताहरूले पहिल्यैदेखि स्थायी समितिको बैठकको माग गर्दै आएका थिए ।

झ्वाट्ट हेर्दा नेताहरूले ढिला गरेको प्राविधिक कुरा जस्तो देखिए पनि यो योजनामा भएको बताइएको छ । सरकारी पार्टी नेकपामा देखिएको यो विवाद क्रमशः बढ्दै जाने र पार्टी फुटको संघारसम्म पुग्ने पनि देखिएको छ ।

पछिल्लो चरणमा दिल्ली नेकपाबाट माधव नेपाल, झलनाथ खनाल, नारायणकाजी, वामदेव र नेपाली कांग्रेसबाट देउवाहरूलाई पन्छाएर ओलीदाहाल तथा कोइराला पंक्ति मिलाएर डेमोक्र्याटिक दल निर्माण गर्न निकै ठूलो कसरतमा लागिरहेको स्रोतले बताएको छ ।

# मेङ वाङझु अमेरिका सुपुदर्गी वा चीन फिर्ती ?




काठमाडौं । विश्वभर मोबाइलको सञ्जाल भएको चीनको हुवावेइ मोबाइल कम्पनीका एक प्रमुख मेङ वाङझुलाई क्यानडेली सरकारद्वारा गरिएको गिरफ्तारीको विषय अमेरिका र चीन बीचको व्यापार युद्धको 'हिट लिस्ट' को स्तरमा पुगेको बताइएको छ । क्यानडाको भ्यानकुभर विमानस्थलमा विमान चढ्न लाग्दा गिरफ्तार परेकी उनी हाल क्यानडेली अदालतको फैसलाको पर्खाइमा छिन् । उनलाई चीन पठाइने छ वा अमेरिका भन्ने कुरा निश्चित भएको त छैन, तर अमरिकाले अमेरिका-क्यानडाबीचमा भएको सपुर्दगी सन्धी अनुसार वाङझुलाई अमेरिका सुपुर्दगी गरिनु पर्ने कुरामा अडान राख्दै आएको छ ।

कुटनीतिक रूपमा हिट लिस्टको अर्को चरणको अमेरिका-चीनबीचमा व्यवापार युद्ध पुगिसकेको विश्लेषकहरूले बताउन थालेका छन् । केही समयअघि अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले केही निश्चित कम्पनी तथा उद्योगहरूमाथि कारवाही सुरु गरिने भनी चेतावनीको भाषा प्रयोग गरेका थिए ।

वाङझुको गिरफ्तारीको गह्रुंगो बोभ्कको अभिव्यक्ति क्यानडेली प्रधानमन्त्री जस्टिन टुडोले निकै गम्भीरताका साथ दिएका थिए । उनले वाङझुमाथि कुनै पनि आरोप लगाउनु भन्दा पनि क्यानडा एक सुशासन भएको मुलुक भएको र संविधान तथा ऐननियमहरूले बाँधिएकाले कानुन बमोजिम प्रक्रिया अघि बढाइने बताएका थिए । उनका अनुसार वाङझुले कानुनी प्रक्रियाहरूबाट गुज्रनु पर्ने पनि बताएका थिए ।

यसबाट आफैमा प्रस्ट हुँदै थियो कि वाङझुको यो गिरफ्तारी अमेरिकाको चर्को दबाबमा भएको थियो । यो गिरफ्तारालिई चीनले निकै सतर्कताका साथ प्रतिक्रिया दिँदै 'मानव अधिकारको उल्लंघन' भनेको छ । र, वाङझुलाई तुरुन्त चीन पठाउन खबरदारी पनि गरेको छ । यसले राजनीतिक हस्क्षेपको कोणबाट मुछिन नचाहेका क्यानडेली प्रम जष्टिन अत्तालिन पुगेका छन् ।

चीनले वाङझुको गिरफ्तारी के र कुन कारणले गरिएको हो, सोको बारेमा तुरुन्त जवाफ दिन पनि कयानडामाथि दवाव सिर्जना गरेको छ । व्यापार युद्धको कभरमा भइरहेको चीन र अमेरिकाको यो कुटनीतक राजनीतिक युद्धले अमेरिकामा शेयर बजार निकै आह्रालो लागेर २ प्रतिशतमा भरी ठप्प हुन पुगेको छ ।

# पार्टीबाट मेर्केलको बहिर्गमन



काठमाडौं । लगातार दुई दशक पार्टी नेतृत्वमा रहेकी जर्मन चान्सलर एन्जेला मेर्केलले आफूले गरिरहेको पार्टी नेतृत्वको जिम्मेवारी नलिने भएकी छन् । उनी क्रिश्चियन डेमोक्र्याटिक पार्टीकी नेतृसहित चानसलर रहिआएकी थिइन् । सन् २०२१ मा चान्सलरको पदावधि सकिने भएपछि उनले पूर्णरूपमा राजनीतिबाट सयास लिने बताइएको छ ।

मेर्केलले लामो समय पार्टीको नेतत्व गरेर पार्टीलाई उँभो लगाएकी पनि थिइन् । तर पछिल्लो कालमा आउँदा उनको क्रिश्चियन डेमोक्र्याटिक पार्टीले सत्तामा हार बेहोरेको थियो । यो विषयलाई लिएर उनी र उनका पार्टीभित्रका आलोचकका बीचमा गहिरो मतभेद पनि बढ्न गएको थियो । उनले नेतृत्व हस्तान्तरण होइन, छाडेकी छन् । त्यसैले उनले छाडेको पार्टीभित्र अब उनका आलोचक र उनका समर्थकका बीचमा कडा प्रतिस्पर्धा हुने बताइएको छ ।

चासोको कुरा त के पनि आएको छ भने मेर्केल र उनका आलोचक बीचमा भिन्न विचारको प्रतिस्पर्धा पनि चलिरहेको छ । यही कारणले उनले छाडेको पार्टीमा मेर्केलको विचार पछ्याइरहने वा उनका आलोचकको विचार अघि सार्ने भन्ने विषयमा ठूलो विवाद पनि उठ्ने जनाइएको छ ।

जानकारीमा आएअनुसार मेकेलका समर्थक आन्नीग्रेट क्राम्प कारेन्वर र उनका आलोचक फेड्रिक मर्जबीच कडा प्रतिस्पर्धा हुने देखिन्छ । मेर्केल भने पार्टी काममा सक्रिय नरहे पनि सन् २०२१ सम्म चान्सलरको जिम्मेवारीमा रहिरहने छिन् ।

# मध्यपूर्व तेलको भन्दा पनि हतियारको भण्डार बन्दै

काठमाडौं । मध्यपूर्व तेलको भन्दा पनि अमेरिकी हतियारको भण्डार बन्दै गएको भनी इरानले चिन्ता व्यक्त गरेको छ । यो चिन्ता अहिले मध्यपूर्वको शान्तिका लागि सबैको समान चासोको विषयका रूपमा उठिरहेको छ । एशियाका लागि त यो पहिलेदेखि नै टाउको दुखाइको विषय बन्दै आएको थियो ।

जर्ज बुशपछिको दुई दशक अमेरिकी शासन डेमोक्र्याटको हातमा गएपछि मध्यपूर्वले दबाब र तनाबको केही कम महसुस गरेको थियो । तर अहिले ट्रम्प आएपछि त्यो सुस्तता र खुकुलोपन रहन सकेन । पत्रकार खसोग्जीको हत्यापछि त झन् ट्रम्प प्रशासनले साउदी अरबलाई हतियार किन्ने र बोक्ने भरिया नै बनाएका छन् । यसले समग्र अरबमा ठूलो चिन्ता ल्याएको छ ।

साउदी अरबलाई बोकेर अमेरिकाले अहिले अरबमा लडाइँको वातावरण तयार पारिरहेको छ । यसका साथै इरानमा पनि साउदी अरब र इजरायलको गठबन्धन गराएर आक्रमणको तयारी पनि गरिरहेको बताइएको छ ।

हाल अमेरिका यमनी विद्रोहीमाथि साउदी अरबलाई बोकेर निर्मम दमनमा उत्रिरहेको छ । यो लडाइँमा इरानले विद्रोहीहरूको साथ दिइरहेको छ ।

# मलेसियाली वैदेशिक रोजगारको ढोका अझै बन्द

काठमाडौं । सहमति गरेको ६ महिना बितिसक्दा पनि नेपाल-मलेसिया वैदेशिक रोजगार कार्यान्वयनमा आउन सकेको छैन । मलेसियाली वैदेशिक रोजगारका लागि एमओयु अर्थात् सहमति गरेपछि ओली सरकारले यसलाई सरकारी त्राणका रूपमा निकै प्रचारप्रसारमा ल्याएको थियो । मलेसियामा नेपाली कामदारहरू पठाउन सके देश समद्धिले छाउने सम्मका अफवाह सरकारी सञ्चार माध्यमहरूमा रातोदिन प्राथमिकताकासाथ आउने गरेका थिए ।

संघीय श्रम मन्त्री गोकर्ण विष्टले पनि यसलाई नयाँ युग आगमनको भन्दा कम महत्वका साथ प्रचारप्रसार गरेका थिएनन् । उनले मलेसियामा कामदार पठाउन पाउनु अहोभाग्यका रूपमा व्याख्या र विश्लेषण गरेका थिए । तर अहिले चिनियाँ रेल र भारतीय रेलका सपनाको लाइनमा मलेसियाको कामदार वर्क पर्मिट रहने त होइन भन्ने आशंका चुलिएको छ । बिना निकासको जग्गा किनेर होहल्ला गर्दै हिँड्नेहरूको तमासामा फसेको नेपालको श्रम मन्त्रालय रोजगारीको बाटो नखोलिकनै मलेसिया जान इच्छुक नेपाली कामदारहरूको भिसा लगाउन सुरु गरिसकेको थियो ।

हाल करीब बाह्र हजार कामदारहरू मलेसियाको भिसा लिएर उडान कहिले हुन्छ भनी पर्खिइ रहेका छन् । काम गर्न जाने कामदारहरूले लिएको मैनेठेकी व्याज पाँचछ महिनाको अन्तरालमा दोब्बर हुन थालिसकेको छ । तर सरार भने यो मामलामा कानमा तेल हालेर बसिरहेको छ । सरकारले ढोका खुलाउने टेक्निकल कमिटीसमेत् परिचालन गर्न पनि सकिरहेको छैन । विज्ञहरूका सुझाब अनुसार टेक्निकल कमिटी क्रियाशील बनाएर छिटोभन्दा छिटो मलेसियाली वैदेशिक रोजगारको ढोका खोल्न सकिन्छ । तर सरकार भने यो टेक्निकल कमिटी छ वा छैन वा निर्माण गरिनु पर्ने हो, केही पनि बोलेको छैन ।

प्रधानमन्त्री केपी ओलीले सरकारी सूचना लुकाउन दिएको निर्देशन पछि त भन् सरकार कुन अँध्यारो कुनामा बसेर काम गरिरहेको वा छपक्क बसिरहेको छ सर्वसाधरणलाई जानकारी समेत छैन ।

# फ्रान्समा 'यलो भेष्ट' प्रदर्शन चौथो हप्तामा

काठमाडौं । फ्रान्समा इन्धनमा भएको अत्यधिक मूल्य वृद्धिलाई लिएर चारहप्तादेखि निरन्तर 'यलो भेष्ट' विरोध प्रदर्शन भइरहेको छ । यो विरोध प्रदर्शनलाई इम्यानुअल म्याक्रोंले दबाएर ठीक पार्ने बताइहँदा त्यहाँका जनता सशक्त रूपमा सडकमा उत्रिरहेका छन् । दिनप्रतिदिन विरोध प्रदर्शन निकै सशक्त भइरहेकाले सरकार पनि निकै उद्दण्ड बनेर धैर्यता गुमाउँदै प्रस्तुत भइरहेको छ ।

देशव्यापी आकार लिँदै ठूला सहरहरूमा आगो भैँ यो आन्दोलन फैलिएपछि फ्रान्स सरकारले सामान्य प्रहरी बाहेक अत्याधुनिक हतियारसहित आठ हजार सशस्त्र फौज सडकमा उतारेको छ । यिनका साथमा धेरै बख्तरबन्द गाडी पनि परिचालित गरिएको बताइएको छ । सरकारले दैनिक दमनका क्रममा अश्रुग्यास र रबरका गोलीहरू प्रहार गरिरहेको छ ।

देशभर भएका विरोध प्रदर्शनहरूमध्ये मध्यपेरिसको विरोध प्रदर्शन सबैभन्दा खतरनाक रहेको बताइएको छ । यो प्रदर्शनमा सरकारी सशस्त्र फौज पनि पछाडि हट्नु परेको थियो साथै केही भ्यान तथा सवारी साधनहरूमा आगजनी पनि गरिएको थियो । यदि प्रदर्शनको यो स्थिति कायमै रहने हो भने इम्म्यानुअल म्याक्रोंको दिन गणना हुन थाल्ने पनि बताइएको छ ।




यो प्रदर्शनलाई फ्रान्सको इतिहासमा दशकौंपछिको डरलाग्दो र सशक्त प्रदर्शन भनिएको छ । यो आँकलन गरिएभन्दा बढि नै हिंसात्मक भएको भनी चिन्ता पनि व्यक्त गरिएको छ । देशका बुद्धिजीवीहरूले सरकारलाई दमनको मूर्खतापूर्ण नीति अख्तियार नगर्न र बेलैमा सचेत रहन विशेष आग्रह गरेका छन् । यसपछि राष्ट्रपति म्याक्रोंले देशका नाममा संबोधन गर्ने तयारी गरिरहेका छन् ।

प्रदर्शनकारीहरूमध्ये फ्रान्सेली सरकारले हालसम्म एकहजार जनालाई गिरफ्तार गरिसकेको छ ।

उता अमेरिकी राष्ट्रपति ट्रम्पले ट्वीटमार्फत् आफूले लिएको संरक्षणवादी नीति यसै कारणले उत्तम भएको भन्दै म्याक्रोंको खिल्ली उडाउन थालेका छन् । यस अघि म्याक्रोंले ट्रम्पको संरक्षणवादी नीतिको धज्जी उडाउँदै उदारवादी नीतिको रक्षा र बचाउ गरेका थिए ।

# जापानले अध्यागमन नीति खुकुलो पार्दै


काठमाडौं । जापानले देशमा थप कामदारहरूको आवश्यकता परेको भन्दै आफ्नो अध्यागमनको नीति खुकुलो पारेको छ । अध्यागन नीति खुकुलो भएको सार्वजनिक हुने बित्तिकै नेपाल जस्ता मानव श्रम निर्यात गर्ने देशहरूका सरकारहरूले आँखा तानेर जापानतिर हेर्न थालेका छन् । यसका साथै पढेलेखेका नेपालीहरूले ओली सरकारले यसलाई अवसरका रूपमा लिएर विना ढिलाइ जापान पठाउने म्यान पावरको आँकलन गरिदिनुपर्ने कुरा राख्न थालेका छन् ।

जापानले वृद्धहरूको संख्यामा वृद्धि भएरहेकाले स्याहार सुसार र स्वास्थ्यसम्बन्धि जनशक्तिको आवश्यकता भएको कुरा सार्वजनिक गरेको छ । जापानमा हाल धेरै वृद्धवृद्धा ८० वर्षभन्दा माथिका छन् । यसका लागि आवासीय निवेदनसम्म पनि दिन पाइने व्यवस्था गरेको छ । हाल जापानलाई तीन लाख यस्ता जनशक्तिको आवश्यकता रहेको बताइएको छ । अध्यागमनको नीति खुकुलो पार्दै जापानले जनशक्ति भने दक्षता र क्षमताका आधारमा मात्र भित्र्याइने पनि बताएको छ ।

जापानमा हाल निर्माण, नर्सिङ र कृषिसम्बन्धि कामका लागि यो जनशक्ति आवश्यक रहेको कुरा पनि खुलाइएको छ ।

# जन्ती नेतृत्वका लागि मुख्यमन्त्री र महन्थका बीचमा लडाइँ





काठमाडौं । विवाह पञ्चमीका लागि भारतको अयोध्याबाट आउने जन्तीको नेतृत्व कसले गर्ने भनी भएको विवाद अहिले सुल्झिएको छ । नेतत्वका लागि युपीका मुख्यमन्त्री र अयोध्या राम मन्दिरका महन्थका बीचमा हानमुंग्री चलेको थियो । यो विवादका कारणले पहिले निकै चर्चामा ल्याइएका मोदीप्रचार शैलीमा शिथिलता आएको थियो । तर विवाद समाधान भएपछि यही मंसीर २६ गते विवाह पञ्चमीको साइत पारेर भारतको अयोध्याबाट नेपालको जनकपुरधाममा हात्ती घोडाको लस्कर लिएर राम-सीता विवाहको जन्ती आउने भएको छ । उक्त जन्ती आउँदा १० हात्ती, १० घोडा र ३ उँट लिएर आउने अग्रिम सूचना जनकपुर धाममा दिइएको छ ।

नेतृत्वका बारेमा केही रस्साकस्सी भएपछि राममन्दिर अयोध्याका महन्थ स्वयम् आउन नसक्ने बताएका छन् । विवाद भई खचपचिएको राम-सीता विवाह पञ्चमीको जन्ती उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्य नाथको नेतत्वमा आउने भएको छ । यो जन्ती २४ गते नै अयोध्या आइपुग्ने बताइएको छ ।

त्रेता युगको धार्मिक वर्णनअनुसार मंसीर शुक्ल पञ्चमीका दिन अयोध्याका राजकुमार राम र जनकपुरका राजा जनककी छोरी राजकुमारी जानकीको बीचमा शुभ विवाह सम्पन्न भएको जनश्रुति रहिआएको छ । त्यसै बेलादेखि जनकपुरमा विवाह पञ्चमी धुमधामकम साथ मनाउँदै आएको परंपरा विद्यमान छ ।

यो विवाह महोत्सवका लागि करीब २ करोड ५० लाख खर्चहुने प्रारम्भिक अनुमान गरिएको छ । हालसम्म खुलाइएका स्रोतहरूमध्ये ५० लाख २ नम्बर प्रदेशले बेहोर्ने भएको छ । यो खर्चले युपिका मुख्यमन्त्रीसहित एक हजार एक जनालाई भण्डारा खुवाउने र नेपालका माइती पक्षलाईसमेत् आर्थिक व्यवस्थापन गर्न सकिने पूर्वानुमान गरिएको बताइएको छ । मदिरा र मासु प्रतिबन्ध गरिएको यो विवाहमा भिलिमिली बत्तिका लागि मात्र २० लाख भन्दा बढी खर्च गरिन लागिएको छ ।

विवाहका अवसरमा पहिलो दिन नगर परिक्रमा र दर्शन, दोस्रो दिन राम-सीताले एकअर्कालाई दर्शन गरेको फूलबारी लिला, तेस्रो दिन रंगभूमि मैदानमा धनुषयज्ञको आयोजना र चौथो दिन अयोध्याका महन्थ र जानकी मन्दिरका महन्थको उपस्थितिमा राम र सीताको विवाह अर्थात् तिलकोत्सव गरिने परम्परा रहेको छ । पाँचौं दिनमा मटकोर अर्थात् विवाहको मण्डप तयार गरिन्छ र छैठौं दिनमा बाह्र बिघा मैदानमा राम-सीतालाई स्वयम्बर गराइन्छ । यतिका विधि पूरा गरिसकेपछि मात्र जन्तीलाई मिथिला भोजन गराई नयाँ वस्त्र र कोसेली दिएर विदाइ वा राम कलेवा गरिन्छ । तर यत्तिको धेरै महत्व दिइएको यो विवाहमा प्रदेश नम्बर २ का मुख्यमन्त्री लालबाबु राउत भने मुस्लिम भएका कारण पूरै छायाँमा पर्ने भएका छन् ।

# सचेत पहलले निरन्तर अवसर जुराउँछ


● हर्कबहादुर शाही

*गंगालालको चिट्ठीको बारेमा बुवालाई थाह रहेछ । यसैको प्रसँग झिकेर अन्यायका विरूद्ध लड्नुपर्छ भनी सिकाउनु हुन्थ्यो । देश र जनताका लागि प्राणको आहुति दिन दुख मानेनन् भन्नुहुन्थ्यो । त्यतिबेला त पाँच कक्षा पढेपछि गाउँका स्कुलहरूमा मास्टर हुन पाउने व्यवस्था थियो । त्यतिबेला पढाए वापत् मासिक ७५ रूपैयाँ ज्याला पाइन्थ्यो । वर्षभरिको ९०० रूपैया हुन्थ्यो*

मेरो जन्म २००२ सालमा एक निम्नमध्यम परिवारमा दैलेखमा भएको हो । हाम्रो परिवारले खेतिपाती तथा पशुपालनको पेशा अपनाएको थियो । बुबाले लेखपढ गर्ने अवसर पाउनु भएन तर शिक्षा र ज्ञानका कुरा गरेपछि हुरुक्कै हुनुहुन्थ्यो । पढ्न नसके पनि ज्ञानका कुराहरू सुन्न र अरुसँग मौखिक रूपमा बाँड्न निकै रुचाउनु हुन्थ्यो । यो प्रभाव मेरो कलिलो मस्तिष्कमा परिरहेको थियो । जातिले ठकुरी भएपनि हाम्रो परिवार सामन्ती खानदानियाँ चाहिं थिएन । हामी राजा, काजी र मुखिया-जिम्मुवाल परिवारका पनि थिएनौ ।

तर हाम्रै गाउँमा बसोवास गर्ने केही ठकुरी परिवार सम्भ्रान्त तथा खानदानियाँ मानिन्थे । उनीहरूले स्थानीय जनतामाथि रजाइँ गर्थे । राजा, काजी, मुखिया, जिम्मुवाल, घाटु र कट्वालसम्म समाजको शासकका रूपमा लिइन्थे । शासकीय संरचना यस्तै थियो तात्कालिन ग्रामीण समाजमा । गाउँका किसानहरू भने उनीहरूका विरोधी खेमामा हुन्थे । बेठ, बेगारी, झाडा, कर तथा ओलक आदि लगाएर जनतालाई कज्याउने गर्दथे । उनीहरूको एक प्रकारको शासन चलेको हुन्थ्यो गाउँमा । गाउँका गाउँ जनताहरू उठेर जनश्रमदान वा झारा गएर उनीहरूको काम गरिदिनु पर्ने र माना चामल बुझाउनु पर्ने हुन्थ्यो ।

किसानहरू दोहनको स्रोत थिए । आम रूपमा सबै किसानहरू दोहनमा पर्दथे, तथापि मध्यम तथा निम्न मध्यम परिवारका किसानहरू यी स्थानीय सामन्तका लक्षित स्रोतहरूमा पर्दथे । गाउँमा मौलो पुज्ने चलन थियो । त्यो प्रायः दशैंमा पुजिन्थ्यो । त्यसमा सिंगो गाउँको सामूहिकता रहन्थ्यो । यसमा पनि गच्छेअनुसार पैसा, चामल आदि उठाएर मनाउने गरिन्थ्यो ।

शोषणमा आधारित सामाजिक संरचना भएकाले त्यहाँ नानाथरीका शोषणका तरिकाहरू अपनाइन्थे । किसानहरूलाई घरमै पुगेर निकै दुख दिइन्थ्यो । दशैंका लागि दुहुनो भैंसीका ससाना पाडाहरूमा दाम्लो बाँधिदिने र मौलोमा लगेर काटिदिने धम्की दिने, बाटामा लट्ठी फालेर बस्ने र जसले लट्ठी नाघ्यो, उसलाई दण्ड गर्ने आदि आश्चर्य लाग्दा दण्डस्वरूप पैसा असुल्ने कामहरू गर्दथे । डाँडमार गरेर खाने यस्तो चलन थियो ।

एक पटकको कुरा हो, दशैतिहार आउन थाल्यो । गाउँमा कतैबाट पनि उजुरबाजुर आएन । पैसा आउने छाँट देखिएन । आएका दशैं तिहार कसरी मनाउने ? चाडपर्वहरू आउँदै गर्दा उनीहरू षड्यन्त्रका योजनाहरू बुन्न थाल्दथे । यसका लागि उनीहरू आफ्ना गाउँघरमा र वरपरका गाउँहरूमा जाने गर्दथे । एकपटक दुईजना स्थानीय राजाहरू नजिकैको गाउँमा पुगेर भुंग्रोमा पिंडालु पोल्न लगाएछन् र दुवैजना नुहाउन हिंडेछन् । एकजना केही छिटो नुहाएर आएपछि पाकेको सबै पिंडालु खाइ सिध्याएछन् । अर्को एक जना आउँदा पिंडालु बाँकी नरहेकाले उनले निहु खोज्न थालेछन् । ती दुईजना एकआपसमा लडाइँ गर्न थालेको जस्तो बहाना बनाएछन् ।

यो देखेर स्थानीय जनताले लडाइँ नगर्न अनुरोध गर्दै ' उहाँलाई पोलिहाल्यौं, अब तपाईलाई पनि पोलौंला हजुर' भने छन् । यसमाथि खत टिप्दै 'म त जिउँदै छु, मलाई किन पोल्ने ? कसरी पोल्ने ?' भनी उल्टै ती स्थानीयमाथि जाइ लागेछन् । स्थानीयहरूले डरले 'नबोल्नु पर्ने दुर्वाच्य परिगयो, दण्ड तिर्छौं' भनेर कबोल गरी दण्ड तिरेपछि ती दुईजना घरतिर लागेछन् र दण्ड गरिएको पैसा बाँडेर लिएछन् । तात्कालीन समाजका शोषणका र दण्डसजायका स्वरूपहरू यति डरलाग्दा थिए । स्थानीय सामन्त र राजारजौटाहरूको मनपरि थियो ।

हाम्रो घरपरिवारमा यस्तो कुरा सरासर अन्याय हो भन्ने परेको थियो । तर मैले पढ्न पाएन । त्यसैले मैले छोराहरूलाई पढाउँछु लेखाउँछु भनेर बुवाको मनमा हामीलाई पढाउने सुर आयो । गाउँमा पाठशाला थिएनन् त्यति बेला । दैलेख जिल्लामा केवल दुईवटा पाठशालाहरू मात्र थिए । एउटा दुल्लुमा थियो, अर्को दैलेखमा । ती पाठशालालाई भाषा पाठशाला भनिन्थ्यो । ती भाषा पाठशालामा जिल्लाभरका पढ्न चाहनेहरू आएर पढ्दथे । हरिदत्त आचार्य भन्ने एक जना शिक्षकलाई लिएर हाम्रा बुवाले स्थानीय केटाकेटीहरूलाई पढ्न लगाउनु भयो । हरिदत्तका छोरा पनि पढेलेखेका थिए, उनले पनि पढाए । बुवाले गाउँका केटाकेटीहरू जम्मा गरेर पढ्न पढाउने गर्नुहुन्थ्यो ।

त्यतिबेला गाउँमा बत्ति पनि हुने कुरा भएन । पेट्रोल र डिजेल पनि हुने कुरा भएन । त्यसैले बुवाले मसिना झिंक्रा दाउरा खेरेर रातमा हामीलाई पढ्ने व्यवस्था गरिदिनुहुन्थ्यो । रातमा दाउरा बालेर हामीसँग बस्नुहुन्थ्यो र अभिभावकत्व लिनु हुन्थ्यो । हामीले काठको कालो पाटीमा अंगारले मोस्याएर कालो बनाई त्यसमाथि दुधेखरीले लेख्ने गर्दथ्यौं । त्यतिबेला म सात वर्षको भइसकेको थिए ।

त्यतिबेला छोइछिटोको निकै चलन थियो । नुहाएर धोती फेरेर खाना खाने चलन थियो । एक जना हुर्के बढेको स्थानीय विद्यार्थीले पढ्न नजानेपछि गुरु रिसाएर एकजना विद्यार्थीको नांगो ढाडमा लट्ठीले हिर्काउँदा काँढा बिझेर घाउ बनी पाकेको मलाई अझैं पनि याद आउँछ । गुरुले हप्काउँदै 'धोती काछेर खाने तन्नेरी भएर पनि विद्या नआउने' भनेर गाली पनि गरेका थिए । हामीले यसरी गुरुकुल शिक्षा आर्जन गर्‍यौं ।

गुरुकुल शिक्षामा हामीले निकै स्तोत्र पाठ गर्ने गर्दथ्यौं । गणेश स्तोत्र, तिलक चण्डी, अर्गला कवज र ऐनश्रेस्ता पनि पढ्यौं । हामीले तमसुक, फिराल पत्र तथा विन्तिपत्र पनि पढ्यौं र लेख्न सिक्यौं । हिसाब पनि पढ्यौं । हामीहरू गाउँका जिम्मुवाल मुखियाले जानेको जति त जान्ने भइहाल्यौं । किनकि उनीहरूले जानेको कुरा पनि त्यति नै हो । तमसुक लेख्ने भएपछि त ठूलै मानिस भइहाल्यो, त्यो बेलामा । हामीजस्ता जान्ने मानिसहरू त्यो बेलामा औंलामा गन्ने मात्र थिए । त्यति बेलाको राजनीति भनेको गाउँमा जिम्मुवाल मुखिया हने र डाँडमार गरेर खाने मात्र थियो । कोही थोरै त गाउँघरमा उन्नति हुनुपर्छ भन्नेहरू पनि थिए । त्यतिबेला एकजना देवमल कार्की भन्ने अंग्रेजी निकै राम्रो बोल्ने मानिस गाउँमा आए । अंग्रेजको जमानाका विद्यालयमा पढेका उनी निकै राम्रो अंग्रेजी बोल्दथे । हाम्रो बुवाले उनलाई आँखाको नानी झैं माया गर्न थाल्नु भयो । बुवालाई लागेको थियो छोराहरूले नेपाली भाषामा त पढे, तर अंग्रेजीमा पनि पढाउन पाए हुने थियो । युग बदलिइसक्यो । उहाँले गाउँलेहरू सबैलाई जम्मा गरेर छलफल गर्नुभयो । अंग्रेजी पढेर आएका कार्कीलाई वुवाले तपाईले विदेशमा राम्रो काम गरेर आउनु भयो, हाम्रालागि राम्रो नासो लिएर आउनु भयो भन्दै खुशी पार्नु भयो । यो नासो सबैलाई बाँड्नुपर्छ भनेर हौस्याउनु पनि भयो । गाउँलेहरू पनि खुशी भए ।

२०१३ सालमा स्कुल पनि स्थापना भयो । त्यसपछि हामीले नयाँ शिक्षा पढ्यौं । त्यस विद्यालयको नाम जयदेव नेपाल राष्टिय प्राथमिक विद्यालय राखियो । त्यति बेला एक कक्षाको किताब पनि मोटो न मोटो हुन्थ्यो । अंग्रेजी पनि पढ्थ्यौं । स्टोरी बुकहरू पनि हुन्थे । बुवाले नयाँ शिक्षा पढेपछि संसार बुझिन्छ र अन्याय अत्याचारको विरोध गर्न सकिन्छ भन्नुहुन्थ्यो । दशरथ चन्द, गंगालाल, धर्मभक्त र शुक्रराज शास्त्रीको कथा सुनाउनु हुन्थ्यो ।

उनीहरूले पढेलेखेर राणाहरूको विरुद्धमा लड्न सके भन्ने वुवाको विचार थियो । गंगालालको चिट्ठीको बारेमा बुवालाई थाह रहेछ । यसैको प्रसँग झिकेर अन्यायका विरुद्ध लड्नुपर्छ भनी सिकाउनु हुन्थ्यो । देश र जनताका लागि प्राणको आहुति दिन दुख मानेनन् भन्नुहुन्थ्यो । त्यतिबेला त पाँच कक्षा पढेपछि गाउँका स्कुलहरूमा मास्टर हुन पाउने व्यवस्था थियो । त्यतिबेला पढाए वापत् मासिक ७५ रूपैयाँ ज्याला पाइन्थ्यो । वर्षभरिको ९०० रूपैया हुन्थ्यो । म त्यतिबेला आठ कक्षा पाास गरेको थिए । मलाई एउटा गाउँमा मास्टर बनाएर राखे । मलाई रमिता हेरे झैं हेर्न आउँथे । त्यहाँका मानिसहरूले मलाई अंग्रेजी बोल्छ भनेको 'गुड बोली' बोल्छ भन्ने गर्दथे । वर्षको ९०० रूपैयाँ खान्छ रे भन्ने गर्दथे ।

मलाई अलिकति भए पनि शिक्षित बन्न पारिवाकि वातावरणले साथ दियो । वुवाको चेतना अलिक केही राजनीतिक नेताहरूसँगको बसाइले पनि तिखारियो । अर्को कुरा मेरो मावली पनि तात्कालिन राज्यसत्ताको पहुँचमा थिए । सेनामा राम्रा ओहदाहरूमा थिए । मेरो मुमा पनि केही राजनीतिक चेत भएकी महिला हुनुहुन्थ्यो । अध्ययन अध्यापन, सम्पर्क सम्बन्धले मलाई राजनीतितिर तानिन प्रेरित गरेको थियो । तात्कालिन राज्यका पहुँचवालाहरूसँग हाम्रो वुवाको नाता सम्बन्ध थियो । हाम्रो बुवाले किताबलाई निकै माया गर्ने, किताब राख्ने र पढ्न सक्ने मानिस आएपछि किताब समाएर पढ्न लगाउने र आफूले ध्यान दिएर सुनिरहने बानी थियो ।

## कविता

# एक परिवार


● कृष्णभक्त महर्जन 'कगेन्द्र'

जिन्दगीको पहिलो होस्
जिन्दगीको लाष्ट होस्
भन्न सकिदैन होला
एक परिवारसँग जम्काभेट

कहाँबाट साइत जुर्यो
कहाँ पुगेर अन्त हुने
युद्धकालमा होस्
शान्तिकालमा होस्
हेर्छु, देख्छु, बस्छु
एक परिवारको गुँडमा
डेरा जमाएर बस्छौं

कति मिलनसार
कति उज्याला
कति जाँगरिला
मिर्मिरेमा जुरुक्क उठ्छ
शशिकला र हरिकला

आ-आफ्नो धन्दा सिध्याउँछ
हो सिक्नु पर्छ
त्यो परिवारको गुँडबाट
सिक्न हिँडेका
सिकाउन हिँडेका
हामी सचेत परिवारहरू

एक गुफामा बसी
वाद-विवाद-सम्वादमा
आफ्ना निर्णय आफ्नै ठाउँमा
त्यो परिवारको निर्णय हेर्दा
कति सामुहिकता
कति व्यवहारिकता
धेरै खुल्दुली लाग्ने
धेरै अचम्म लाग्ने

हामिले कति सिक्यौं
कति सिकाउन सक्यौं
एक परिवारले
एक परिवारलाई
एक परिवारको
एक परिवारलाई !

# 'भन्सरिया'हरू



● छविलाल कोपिला

त्यो मध्यरातमा
जब,
उत्तर-पूर्वको कुनामा सप्तऋषि तारा उदाउँछ
उसंगै उठ्छन्, 'भन्सरिया'हरू
छोट्की, खइली, सँइली र मइलीहरू पनि
कोइ 'कुठ्ली' छाम्दै
कोइ 'भर्कन' सुमसुम्याउँदै
कोइ 'चँचरा' समाउँदै
कोइ बच्चा कुल्चिदै
कोइ यता ठोक्किदै, कोइ उता लड्दै
यी सबैका कहानी उस्तै छ
जति गरेपनि
'आँन' फुटेर सकिएको 'डेह्री'को पिंढ जस्तो ।
यता जब 'टाकुन-झ्याङ्ग, टाकुन-झ्याङ्ग'
गर्दै थकित ढिंकी आँग ढलमलाउँछ
शुरु हुन्छ उनीहरूको कर्मयुद्ध ।
र, त्यहाँ प्रष्ट दृष्टिगोचर हुन्छ
'छोट्की'लाई 'ओंखी'मा आफ्नो भाग्य कुटेको
'खइली'लाई 'मुस्रा'संग संघर्ष गर्दै
छिट्रिएका आफ्ना कर्म सम्हालिरहेको
'सइली'लाई धर्मराउँदै गरेको
जीउ सम्हाल्न 'टेकवा' लगाइरहेको
र, 'मइली'लाई 'चुक्का' समातेर
जबर्जस्ती आफ्नो जिन्दगी धकेलिरहेको ।
तर, यता
खुन्झुन, खुन्झुन 'खुन्झुनियाँ'को सुमधुर संगीतमा
निद्री नाच नाचिरहेकी छे 'बर्का कोन्टी'मा 'गढुनियाँ' ।
मैले देखेको छु
भन्सरियाहरूलाई
हरेक साँझ-बिहान
चुलोमा आफ्नो कर्म ठोसिरहेको
चुलेसीले आफ्नो जिन्दगी टुक्रा-टुक्रा पारिरहेको
निरस-फुस्रो आफ्नो जीउ बेसारले रंगाइरहेको
'ढोनरियाँ पानी'मा आफ्नो भाग्य पखालिरहेको
सुपामा आफ्नो भविष्य केलाएको
अनि, जाँतोमा आफ्नो यौवन पिसिरहेको ।
धेरै पटक देशमा ठूलै तरंग आयो
मानवअधिकार,
महिला अधिकार,
बन्द, हड्ताल, चक्काजाम,
आन्दोलन, जनआन्दोलन, जनयुद्ध,
प्रजातन्त्र, लोकतन्त्र, गणतन्त्र ....।
तर खै ! उनीहरूले यो सुने या सुनेन् ?
चाल पाए या पाएनन् ?
उनीहरूले भान्सामा चुलो बन्द गरेको
ढिंकी-जाँतो बन्द गरेको
चुलेसी, डाडु-पन्यू बन्द गरेको
समाचारले कहिल्यै भनेन
न कसैले कसैको विरुद्ध
मुद्दा दायर गरेको
न कसैले कसैको विरुद्ध
झुठो आरोप लगाएको हल्ला सुनियो
उनीहरू त,
क्रमश छोट्की, खइली, सँइली र मइली
आलो-पालो गर्दै
भान्से-विधानको नीति-नियममा बाँधिए
सायद, त्यसैले होला
उनीहरूलाई संविधान के हो ? थाहा छैन
गैरमान्छे जस्तै
उनीहरू त सुनेर पनि नसुने झैं
थाहा पाएर पनि थाहा नपाए झैं
सँधैं मेसिन झैं आफ्नो कर्ममा जोतिन्छन् ।
खै ! उनीहरूको
यो बाध्यता, विवशता या कर्तव्य के हो ?
थाहा छैन,
तर,
यत्ति कुरा थाहा छ
सुन्दर जीवन बाँच्न
र, सुन्दर सपना पूरा गर्न कर्म गर्नुपर्छ ।

# 'जगत अभिनन्दन ग्रन्थ' मा जगत बा

**जगत बाका साहित्यिक जीवनका विविध आयामहरूलाई पनि उद्योत गर्दछन् । जगत बाका विविध व्यक्तित्वप्रति पनि विश्लेषण र भाष्य प्रदान गर्दछन् । मूलतः जगत बाका प्रवृत्तिहरूलाई यस कृतिले सारका रूपमा प्रस्तुत गरेको छ**




● ईश्वरचन्द्र ज्ञवाली ●

नेपाली कम्युनिस्ट अन्दोलनमा निरन्तर क्रान्तिकारी धारको पक्षमा उभिई देश र जनताको स्वतन्त्रता र मुक्तिको सपना देख्ने एक साधक हुनुहुन्छ- जगत श्रेष्ठ । जगत श्रेष्ठले सिंगो जीवन नै संघर्षमा समर्पित गर्नुभएको छ । गत महिना ती जगत श्रेष्ठ अर्थात् 'जगत बा' को चितवनको उद्योग वाणिज्य संघको हलमा झाँकीसहित नागरिक अभिनन्दन गरियो । अर्का प्रखर वामपन्थी परिपक्व वयका कमरेड पुष्पगोपाल श्रेष्ठले उहाँलाई दोसल्ला र अभिनन्दन पत्रसहित सम्मान गर्नुभयो । यिनै वाम आन्दोलनका तपस्वी नेता, कवि, साहित्यकार, पत्रकार, समाजसवी तथा उमेरले ९० वर्ष पुगेका व्यक्ति ' जगत बा'को नाममा प्रकाशित भएको छ 'जगत अभिनन्दन ग्रन्थ' ।

जगत बा जन्मेको गोर्खाको जौंबारीको चित्र पृष्ठभूमिमा र उहाँको फोटो आमुखमा छापिएको अभिनन्दन ग्रन्थको आकार १७५ पृष्ठ को छ । यो कृति सुन्दर र पठनीय रहेको छ । कृतिले मोहन वैद्य, मोहनविक्रम सिंह, मोदनाथ मरहट्ठादेखि ईश्वरचन्द्र ज्ञवाली, ईश्वरी ओझा र ईश्वरीप्रसाद दाहालसम्मका रचनाका साथै रविकिरण निर्जिव, जगदीशचन्द्र भण्डारीदेखि पूर्णबहादुर अधिकारी, पोषराज पौडेल, पूर्णप्रसाद दवाडी तथा प्रकाश चापागाईंसम्मका विभिन्न क्षेत्रका प्रतिष्ठित र विज्ञ व्यक्तिका रचना छापेको छ । यी रचनाले 'जगत बा'का समग्र जीवनका पाटापक्षहरूलाई उजागर गरेका छन् । चितवनमा कम्युनिष्ट आन्दोलनको सम्मिलन कालमा 'नन्-सेन्टर-ग्रुप'का नामबाट सक्रिय रहेका 'जगत बा' वर्तमानसम्म क्रान्तिकारी माओवादीका केन्द्रीय सल्लाहकारका रूपमा अविछिन्न रूपमा अविचल प्रतिवद्ध रहँदै आउनु भएको छ ।

उहाँको जीवनको उत्तरार्धकाल झन् बढी निष्ठा र समर्पणको पर्याय बनेको छ । उहाँ वर्तमान राज्यसत्ताको दिशाहीन, अकर्मण्य र प्रतिक्रियावादी चरित्रका कारणबाट असन्तुस्ट देखिनुहुन्छ । कम्युनिष्ट नामधारी प्रतिक्रियावादी संशोधनवादीहरूको ८२ प्रतिशत अभिमत प्राप्त सरकारको नालायकीपन, असफलता, दिवालियापन, कार्यहीनता र मूर्दापनदेखि दुखित छन् । यसले कम्युनिष्टहरूको बदनाम गरेर नेपालबाट सदाका लागि कम्युनिष्ट व्यवस्थाप्रति नै जनतामा वितृष्णा, घृणा र रोष पैदा गर्ने ठान्छन् । यसरी जगत बा देशकै अभिभावकका रूपमा देशप्रति यो अन्तिम समयमा पनि उत्तिकै चिन्तित छन् ।

यस कृतिमा जगत बाका जीवनका आरोह अबरोह, सफलता, असफलता, दुखसुख अगाडिका सबैजसो पाटाहरूलाई देखाइएको छ । यो कृतिपढेपछि समग्र जगत बाको जीवन मात्र होइन, उहाँसँग जोडिएका राजनीति, इतिहास र समाजलाई पनि राम्रोसँग बुझ्न र पढ्न सकिन्छ । झण्डै ७० वर्षको ...बाँकी ७ पेजमा

## उत्तरआधुनिकवाद...

संरचनावादको सबभन्दा महत्वपूर्ण विशेषता भनेकै भाषा वा पाठको अर्थमा निश्चिचता र एकत्वको विरोध हो । यसले पाठको अर्थ निश्चित हुँदैन, त्यसमा संशय (Aporia) र अनिश्चितता मात्र हुन्छ भन्ने धारणा राख्दछ । डेरिडाले भिन्नता (Diffrance) र अनुपस्थिति (Absence) को सिद्धान्तका आधारमा अर्थको अनिश्चितता वा संशयसम्बन्धी अवधारणा प्रस्तुत गरेका छन् । भाषाका शब्दहरू/सङ्केतकहरू बीच भिन्नता छ र यो भिन्नता केवल द्विचर विरोधमा होइन, अनन्ततामा छ । विरोधमा वा व्यतिरेकमा आउने शब्दहरू/सङ्केतकहरू बिच अनन्त भिन्ता र विरोध मात्र छ र शब्दहरूले टेक्ने वा अडिने ठाउँ नै छैन भन्ने मान्यता डेरिडाको छ । यद्यपि ती सबै शब्द वा सङ्केतकहरू उपस्थित हुँदैनन्, अनुपस्थित रहन्छन् र ती तिनका अर्थहरू स्थगित हुँदै र छरिँदै जान्छन् । भिन्नताका युग्मकमा वाचक/सङ्केतकहरूमा सङ्केतितको उपस्थिति र अनुपस्थितिको खेल श्रृङ्खलाबद्ध रूपमा जारी रहन्छ । एउटा वाचकले अर्को वाचक, अर्को वाचकले अर्को वाचकमा क्रमशः अर्थ/सङ्केतितलाई सार्दै जान्छन् र अर्थ पर पर सर्दै जान्छ । त्यसैले अर्थको निश्चयात्मक रूप पाउन कठिन हुन्छ र त्यस कारण अर्थोत्पत्तिको खेल जारी रहन्छ- डेरिडा यस्तो व्याख्या गर्छन् र भाषामा हुने यही भिन्नता/विभेद, स्थगन/अनुपस्थिति र छरिने गुणले गर्दा अर्थ निश्चित हुँदैन भन्ने निष्कर्ष दिन्छन् ।

उत्तर संरचनावादको यस व्याख्याका आधारमा कतिपयले के पनि भनेका छन् भने सस्युरको द्विचर विरोधको युग्मकमा देखिने शब्दका बिचको भेदलाई डेरिडाको सिद्धान्तले विस्तार दिएको छ अर्थात् भिन्नता वा विरोधलाई बढाएको छ तर मार्क्सवादी सौन्दर्य चिन्तक चैतन्यका विचारमा डेरिडाले भिन्नतालाई विस्तार दिएका होइनन् अपितु भिन्नता र विरोधकै अन्त्य गरेका छन् । उनका सिद्धान्तमा अब शोषक र शोषित, उत्पीडक र उत्पीडितका बिचको तीव्र र प्रखर अन्तर्विरोधको अर्थ छैन । उत्पीडन छ भन्ने अर्थ नै स्थापित वा निरूपित हुन सक्तैन । वास्तवमा यसलाई सिङ्गो उत्तर आधुनिकतावादी चिन्तनका सन्दर्भमा हेर्ने हो भने यो अन्त्यकै अवधारणा हो- निश्चित अर्थको अन्त्य, वर्गको अन्त्य, वर्ग सङ्घर्षको अन्त्य अनि क्रान्ति हुन्छ भन्ने विश्वासको अन्त्य । यसबारे भारतीय मार्क्सवादी सौन्दर्य चिन्तक मैनेजर पाण्डेय भन्छन् :

वास्तवमा उत्तर आधुनिकतावादी अद्वैतवादमा हरेक किसिमका विरोधहरूको अस्त हुन्छ । उसका अनुसार शोषक र शोषित, दमनकारी र दमित, केन्द्र र परिधि(सीमान्त) तथा आवाजहीन र वाचालका बीच न कुनै द्वैत छ न कुनै विरोध न कुनै सङ्घर्ष । उनीहरू यो देख्दैनन् कि यी सबै द्वैत र विरोधहरूको जनक पुँजीवाद हो । उनीहरू मुक्तिको महाख्यानको अन्त्यको कुरा त गर्छन् तर तीन चार सय वर्षदेखि क्रियाशील गुलामीको विराट् वृत्तान्तका बारेमा केही भन्दैनन् ।

डेरिडा शब्दहरूको सम्बन्धका बीच कुनै कुरा अनश्वर छ भने मात्र विभेद छ र सङ्केतक तथा सङ्केतितका बिच कुनै एकत्व छैन, अर्थ सदैव विभेद र स्थगनमा आश्रित छ त भन्छन् तर विभेदको उनको अवधारणालाई उनकै स्थगन र अनुपस्थितिको अन्त्यहीन शृङ्खला सम्बन्धी अवधारणाले यति पातलो र अमूर्त बनाइ दिएको छ कि तात्विक रूपले नै विरोधको अर्थ र सन्दर्भ अर्थहीन बन्न पुगेको छ । वास्तवमा शब्द वा भाषाप्रतिको यति ठूलो मजाक अहिलेसम्म भएकै थिएन भन्दा पनि हुन्छ । यसले भाषाको सामाजिक शक्ति र त्यसका अर्थको सौन्दर्यलाई पूरै विद्रूप बनाइ दिएको छ ।

## विकास...

ब्यवस्था मिलाइएको छ ।

**गर्नु पर्ने सुधार**

विकास आयोजनमा बिनियोजन भएको रकम खर्च हुन सक्दैन भने त्यसको कुनै तुक रहदैन । कानुनतः जेठ १५ मै बजेट प्रस्कनु पर्ने, साउन १ बाट बजेट कार्यान्वयन गर्नु पर्ने, बजेट कार्यान्वनका लागि बिषयगत मन्त्रालयको सचिवलाई जवाफदेही बनाइने, पहिलो चौमासिक अवधिमा बोलपत्र आव्हान, बोलपत्र मूल्यांकन, ठेक्कापट्टा लगाएतका कार्य गर्नु पर्ने, तोकिएको समय तालिका अनुरूप कार्य नगर्ने निर्माण व्यवसायि कारवाही गर्न सकिने, तोकिएको गुणस्तर र समयाबधिमा कार्य गर्ने निर्माण ब्यवसायिकलाई गैरमौद्रिक प्रोत्साहन उपलब्ध गराइने ब्यवस्था गरिएको छ । नीतिगतरूपमा गरिएको यो ब्यवस्था कम्ति सह्रानीय छैन । परन्तु यी प्रावधानहरूको बाबजुद ठेक्कापट्टामा मनग्य समय ब्यय हुने गरेको छ । गुणस्तरमा ख्यालबाड हुने गरेको छ । पूँजीगत खर्चको अबस्था निकै नाजुक रहने गरेको छ । यसबाट दोष नीति नियममा होइन, सोच, इच्छाशक्ति र कार्य संस्कृतिमा रहेको पुष्टी हुन्छ ।

यसर्थ, आयोजनको प्रभावकारी रूपमा अगाडि बढाउन दोस्रो चौमासिक अवधि सम्ममा कार्य सुरु नगर्ने वा लक्ष्यको ५० प्रतिशत कम प्रगति गर्ने आयोजनालाई अर्थमन्त्रालयमा बजेट समपर्ण गर्न लगाउन आनाकानी गर्नु हुँदैन । आर्थिक वर्षको मध्यतिर आयोजना प्रस्ताव वा अमुक शक्तिको दवाबमा स्वीकृत गर्ने हरकत गर्नु हुँदैन । आयोजनामा पारदर्शिता, गुणस्तर र मापदण्ड कायम गर्न वैदेशिक सहायतमा सञ्चालित लगायतका अन्य विकास आयोजनाहरू तेस्रो पक्षवाट प्रभाव मूल्याङ्कन गर्ने गराउनुपर्छ ।

संघीय स्वरूपमा विकास आयोजना कार्यान्वयनमा ल्याउन हाल नेपाल सरकारबाट सञ्चालन भइरहका प्रदेश तथा स्थानीय क्षेत्रको अधिकार सूचिमा पर्ने आयोजना तथा कार्यक्रमहरू तत् तत् निकायलाई हस्तान्तर गर्नुपर्छ । स्थानीयतहमा सञ्चालित आयोजनाको गुणस्तर र प्रभाकारिता कायम गर्न पछि पर्नु हुँदैन । यसका निमित्त छानिएका आयोजनाहरूको प्राविधिक परीक्षण गर्न राष्ट्रिय सतर्कता केन्द्र कठोर हुन सक्नुपर्छ । उपभोक्ता समिति/सहकारी मार्फत् कायान्वयन हुने आयोजना तथा कार्यक्रमहरूमा आर्थिक अनियमितता हुने प्रचुर सम्भवना हुने भएकाले त्यस्ता आयोजनाहरूको अनिवार्यरूपमा सार्वजनिक लेखा परीक्षण गराउनु पर्छ । विकास आयोजना निर्वाधरूपमा कार्यन्वन हुन सक्ने अवस्था सिर्जना गर्नु पर्छ । त्यस्तै ठूला आयोजनमा हुन सक्ने चलखेल नियन्त्रण गर्न विद्युतीय टेण्डर र विद्युतीय अनुगमन पद्धतिलाई प्रभाकारी बनाउनुपर्छ । आयोजनको लागत र समय वृद्धि हुन नदिन संपूर्ण क्रियाकलापलाई प्याकेजको रूपमा प्रस्तुत गर्ने ब्यवस्थालाई अक्षरशः पालना गर्नुपर्छ । विभागीय प्रमुख र आयोजना प्रमुख संग भएको कार्य सम्पादन सम्झौता अनुरूप निजामति सेवा ऐन अनुरूप पुरस्कृत गर्न वा सो अनुरूप गर्न नसकेमा कारवाही गर्न पछि पर्नु हुदैन ।

## जगत...

सामाजिक जीवनको चित्ररेखालाई रचनाले स्पष्ट पारेका छन् । यो कृतिमा पाँचवटा समालोचना तथा कैयौं निवन्ध लेख, संस्मरण र शब्दचित्र तथा कविताहरू पनि समेटिएका छन् । यिनले जगत बाका साहित्यिक जीवनका विविध आयामहरूलाई पनि उद्योत गर्दछन् । जगत बाका विविध व्यक्तित्वप्रति पनि विश्लेषण र भाष्य प्रदान गर्दछन् । मूलतः जगत बाका प्रवृत्तिहरूलाई यस कृतिले सारका रूपमा प्रस्तुत गरेको छ । जसलाई निम्न बुँदाहरूमा समेटेर संक्षेपीकरण गर्दा निम्न निष्कर्ष दिन सकिन्छ :

१. उहाँ एक कयुनिष्ट समर्पित राजनीतिक नेता र कम्युनिष्ट क्रान्तिकारी धारका अभिमता हुनुहुन्छ ।

२. एक देशभक्त, राष्ट्रवादी, स्वाभिमान र स्वतन्त्रताका पक्षधर जगत बा भारतीय विस्तारवादको विरोध र देशीय आत्मसमर्पणवादी दलाल चरित्रका नेता तथा दलको विरोध गर्नु हुन्छ ।

३. सर्वहारा गरीब, मजदूर, किसान वर्गको मुक्ति र क्रान्ति नै उहाँको जीवनको अभिष्ट हो ।

४. उहाँले सुधारवाद, संशोधनवादको विरोध र आमूल परिवर्तनको चाहना प्रस्तुत गर्नुभएको छ ।

५. समानता, न्याय र शोषणरहित समाजको स्थापना नै उहाँको सपना हो ।

६. विद्यमान भ्रष्टाचार, बेथिति, लुट, ठगी र विसंगतिको अन्त्य हुनु पर्ने चाहना उहाँको छ ।

७. यो सरकार नामको कम्युनिष्ट भए पनि कामको भने प्रतिक्रियावादी र पश्चगामी सरकार हो, जसले भारतको दलाली गरेर सत्ता जोगाउँदै देशविरोधी जनशत्रुकै भूमिका पूरा गरी रहेको छ । यसले दलाल पुँजीपति र सामन्त शोषक वर्गकै हित गर्छ । सर्वहारा वर्गको होइन भन्ने धारणा रहेको छ ।

८. यस्तो राज्य व्यवस्थाले न त देशको स्वाधीनता जोगाउन सक्छ, न जनताका समस्या समाधान नै गर्न सक्छ । देश फेरि पनि उस्तै रहने छ भन्ने निष्कर्ष दिन्छ ।

९. यस्तो व्यवस्था विरुद्ध फेरि पनि जनताले संघर्ष गर्ने पर्छ । क्रान्ति विना नेपालमा हामीले चाहेको परिवर्तन आउन संभव छैन । फेरि पनि क्रान्ति नभइ हुन्न भन्ने जगत बाको आकांक्षा र धारणालाई रचनाले अभिव्यक्त गर्छन् ।

१०. त्यो परिवर्तनका लागि जगत बाले देखाएको बाटो सशस्त्र जनवादी क्रान्तिको बाटो हो ।

अन्त्यमा, यो कृति सबैका लागि एउटा पठनीय कृति हो । यसले कैयौं ऐतिहासिक नखुलेका तथ्य उन्मीलन गर्दछ, जानकारी दिन्छ । यस कृतिले जगत बाको जीवन नै एउटा महाकाब्य हो भन्ने देखाएको छ । जीवन नै कविता वा काव्य लिएर बाँचिरहेका जगत बाको गौरवपूर्ण जीवन जान्न यो कृति पढ्नै पर्छ । कम्युनिष्ट आन्दोलनमा जगत बाले देखाएको बाटो कस्तो छ र र को सपना देखाउँछ एक पटक राजनीतिका विद्यार्थीले पनि पढ्नै पर्छ ।

## क्रान्तिकारी पत्रकार...

माओवादीको भर्खरै सम्पन्न बैठकले नेपालमा क्रान्तिको आवश्यकता रहेको ठहर गरेको छ र सोही अनुसार क्रान्तिकारी क्रियाकलाप पनि गरिरहेको छ । अहिले राष्ट्रियता, जनतन्त्र र जनजीविकाका समस्याहरू विकराल अवस्थामा रहेका छन् । यी समस्याहरूको समाधानका लागि क्रान्तिको विकल्प छैन । पत्रकारहरूले देश र जनतालाई केन्द्रमा राखेर कलम चलाउन जरुरी छ ।'

भेला तथा अन्तर्क्रियाका प्रमुख अतिथि तथा संगठनका अध्यक्ष इन्द्र राउतले मूलधारका मिडियाहरूले राष्ट्रियता, जनतन्त्र र जनजीविकाका समस्याहरूलाई स्थान नदिने गरेको चर्चा गर्दै मिडियाका कन्टेन्टहरू कर्पोरेट हाउसहरू, बहुराष्ट्रिय कम्पनी, सत्ता र शक्तिको प्रभाव अनुसार निर्धारण हुने गरेको आरोप लगाए । उनले भने, 'अहिले सरकारी कार्यालयहरूमा कालापानी-लिपुलेक, सुस्ता लगायत १० हजार वर्ग किमीभन्दा बढी नेपाली भूमि गायब पारिएको नक्सा झुण्ड्याइएको छ, भ्रष्टाचारले सीमा नाघेको छ, महँगी र कर वृद्धिले जनताको ढाड सेकेको छ, तर त्यस्ता समाचारहरूलाई मूलधारका मिडियाहरूले स्थान दिएका छैनन् । मिडियाहरू आवाजविहीनहरूको आवाज बन्नुपर्नेमा सत्ता र शक्तिवालाहरूको मुखपत्र जस्ता बनेका छन् ।'

अध्यक्ष राउतले सरकारले ल्याएको प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताविरोधी संहिताहरू तत्काल खारेज नगरे क्रान्तिकारी पत्रकार महासंघको नेतृत्वमा देशव्यापी आन्दोलन गर्ने चेतावनी दिए ।

राउतले प्रेस काउन्सीलले ल्याउन लागेको इलेक्ट्रोनिक मिडिया वर्गीकरण प्रस्तावले साना तथा स्वरोजगार मिडियाहरूलाई निषेध गर्ने र मुठ्ठीभर ठूला मिडियाको मात्र पक्षपोषण गर्न खोजेकोले वर्गीकरण नीति साना लगानी तथा स्वरोजगार मिडिया मैत्री बनाउनुपर्ने पनि धारणा राखे । उनले भने, 'साना तथा स्वरोजगार मिडियाहरूले आफ्नो अस्तित्व धान्न अब उनीहरूसँग संघर्षबाहेक अन्य विकल्प छैन ।'

उनले विद्युतिय कारोबार ऐन लगाएर सरकारले समाचार लेखेकै कारण पत्रकारहरूको हातमा हत्कडी लगाउने गरेको भन्दै त्यो ऐन खारेजी हुनुपर्ने समेत बताए ।

भेलालाई सम्बोधन गर्दै देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका ४ नं. प्रदेश संयोजक केशबहादुर परियारले सिंहदरबारको भ्रष्टाचार गाउँ गाउँसम्म महामारीको रूपमा फैलिएको चर्चा गर्दै सरकारले दुई तिहाईको दम्भ देखाएर जनतामाथि निरंकुशता लाद्ने हो भने जनता बन्दुक उठाउन बाध्य हुने चेतावनी दिए ।

भेलामा क्रान्तिकारी पत्रकार महासंघका केन्द्रीय सचिव रामकुमार श्रेष्ठ, केन्द्रीय समितिका कार्यालय सदस्य लोकराज जैसी, नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य रामकृष्ण ज्ञवाली, स्वतन्त्र पत्रकार संघका केन्द्रीय अध्यक्ष कृष्ण बास्तोला, कान्तिपुर दैनिक तथा टिभीका कास्की प्रमुख लालप्रसाद शर्मा लगायतले क्रान्तिकारी पत्रकार महासंघको प्रदेश भेलाको सफलताको शुभकामनाका साथै नेपालको पत्रकारिता सत्ता, शक्ति र कर्पोरेट हाउसहरूको प्रभावबाट मुक्त हुनुपर्ने धारणा राखेका थिए ।

गोपाल जिसीले अध्यक्षता गरेको उक्त भेलाको सञ्चालन संगठनका केन्द्रीय सदस्य राजेन्द्र सुवेदीले गरेका थिए ।

क्रान्तिकारी पत्रकार महासंघले सबै प्रदेश र जिल्लाका भेला सम्मेलन सम्पन्न गर्ने अभियानसँगै पेशागत हकहितसँग सम्बन्धित मागहरू अगाडी सारेर संघर्षलाई समेत संगसँगै लैजाने बताउँदै आएको छ ।

## मुख्यमन्त्री...

ऐनको कार्यान्वयन, प्रेस तथा अभिव्यक्ति स्वतन्त्राताको ग्यारेण्टी, सम्पादकीय स्वतन्त्रता, लोककल्याणकारी विज्ञापनको समानुपातिक वितरण, साना लगानीका तथा जनपक्षीय मिडियाहरूको संरक्षण र संवर्द्धन, श्रमजीवी पत्रकारहरूको पेशागत तथा भौतिक सुरक्षाको ग्यारेण्टी, मिडियामा वैदेशिक र अपारदर्शी लगानीलाई निषेध, मिडियाका कन्टेन्टको समावेशिकरण, निष्पक्ष, मर्यादित, जिम्मेवार र जवाफदेहीपूर्ण पत्रकारितालगायतको पक्षमा वकालत गर्दै त्यसका लागि संघर्षलाई समेत संगठित गर्दै आएको व्यहोरा उल्लेख गरिएको छ ।

ज्ञापन पत्रमा '१) प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताविरोधी मुलुकी संहिता खारेज गर्न गराउन प्रदेश सरकारको तर्फबाट ठोस कदम अगाडि बढाओस् । प्रदेश स्तरमा भइरहेका प्रेस विरोधी ऐन कानून निर्माण प्रक्रिया अविलम्ब बन्द गरियोस् । २) यस प्रदेश अन्तर्गतका जिल्लाहरूमा प्रकाशित तथा प्रसारित इलेक्ट्रोनिक तथा छापा मिडिया खासगरी जनपक्षीय पत्रकारिताको भूमिका निर्वाह गरिरहेका साना लगानी तथा स्वरोजगारमुखी मिडियाहरूको संरक्षण र सम्बर्द्धनका लागि ठोस योजना तर्जुमा गरियोस् । ३) सञ्चार माध्यममाथिको दोहोरो तेहोर कर प्रणाली तत्काल खारेज गरियोस् । ४) मिडियाहरूको निश्पक्ष वर्गीकरण गरी श्रमजीवि पत्रकार ऐनको कार्यान्वयन गरियोस् । ५) यस प्रदेश अन्तर्गतका सरकारी सूचना तथा विज्ञापनहरू प्रदेशभित्र सञ्चालित मिडियाहरूलाई पहिलो प्राथमिकतामा राखी समानुपातिक ढंगले वितरण गर्ने निर्णय गरियोस् । ६) पत्रकारहरूको पेशागत तथा भौतिक सुरक्षाको ग्यारेन्टी गरियोस् । ७) केन्द्र तथा प्रदेश सरकारका सम्बन्धित निकायहरूमा एउटै पत्रकार परिचय पत्र लागू गर्ने निर्णय गरियोस् । ८) समाचार लेखेकै कारण विद्युतिय कारोवार ऐन लगाएर पत्रारलाई हतकडी लगाउने कार्य अविलम्ब बन्द गरियोस् । ९) बरिष्ठ पत्रकारहरूको सम्मान तथा स्वास्थ्य उपचार लगायत भइपरी आउने समस्याको लागि विशेष कोषको स्थापना गरियोस् । १०) सञ्चार माध्यमहरूलाई सरकारी सूचना सहज रूपमा उपलब्ध गराइयोस् । ११) आस्थाको आधारमा पत्रकार र मिडियामाथि विभेद नगरियोस् । ठूलालाई पोस्ने सानालाई सोस्ने नीति र प्रवृत्ति हटाइयोस् । १२) प्रदेशभित्रका सरकारी कार्यालयभित्र राखिएका नक्कली नक्सा (नेपाली भूमि गायब पारिएको) हटाई नेपालको वास्तविक नक्सा प्रयोग गरियोस् ।' जस्ता मागहरू अगाडि सारिएको छ ।

वक्तव्यमा भनिएको छ, 'हाम्रा यी मागहरू पूरा गर्न र गराउन अविलम्ब ठोस कदम चाल्न हाम्रो संगठन प्रदेश सरकारसंग जोडदार माग गर्दछ । मागहरू पूरा नभएको अवस्थामा हामी चरणबद्ध संघर्षमा होमिन बाध्य हुने समेत यसै ज्ञापन पत्र मार्फत अवगत गराउन चाहन्छौं ।'

## वर्तमान राजनीतिक...

गर्ने काममा सरकार अत्यन्तै जिम्मेवारी विहीन तथा उदासीन भएको छ । पहिचान सहितकोसंघीयताप्रति घोर उपेक्षा गरिएको छ । जनजीविकाका समस्या दिन प्रतिदिन जटिल बन्दै गएका छन् । मूल्यवृद्धि, करवृद्धि, भूमाफियातन्त्र, राष्ट्रिय उद्योगधन्धाको विकासको अभाव, व्यापारघाता, बेरोजगारी आदि जटिल समस्याले जनता आक्रान्त बनेका छन् । निजीकरण, उदारीकरण र व्यापारीकरणले शिक्षा, स्वास्थ्य सहित देशको सिंगो अर्थतन्त्र विकराल बन्न गएको छ । आज एकातिर साम्राज्यवादी तथा विस्तारवादी हस्तक्षेप एवँ चलखेल र अर्कोतिर पश्चगामी राजनीतिक शक्तिहरूका राष्ट्र तथा जनविरोधी गतिविधिहरू अत्यन्तै तीव्र रूपमा बढ्दै गएका छन् ।

● विभिन्न पार्टी तथा जनवर्गीय मोर्चाहरूद्वारा सरकारका विरुद्ध विभिन्न कोणबाट आवाज उठाउने र मागपत्र पेशगर्ने तथा संघर्षका कार्यक्रम दिनेकाम हुदै आएका छन् । यसै क्रममा बिगेसोद्वारा पनि विभिन्न मागहरू समावेशगरी सरकारलाई ज्ञापनपत्र दिने र गोष्ठी-अन्तरक्रिया राख्ने आदि काम भएका छन् ।

● जनयुद्धका सहिद तथा वेपत्ता योद्धाहरूका परिवारजन, घाइते तथा अपाङ्ग योद्धा र जनमुक्ति सेनाका वहिर्गमित योद्धाहरूले प्रस्तुत गदै आएका मागहरूको सम्बोधन गरिएको छैन । सत्यनिरुपण तथा मेलमिलाप आयोगलाई अधिकार विहीन तुल्याई समाप्त पार्दिदै छ र जनयुद्धकालीन मुद्दाहरूलाई नियमित अदालती प्रक्रियामा लैजाने काम हुँदै आएको छ । यसरी के स्पष्ट भएको छ भने अब कथित शान्ति र स्थिरता असम्भव बन्न गएको छ ।

● संसदवादी तथा नव प्रतिक्रियावादी दलाल सरकारको यस असफलतालाई पुरातनपंथी तथा एकथरी संसदवादी प्रतिक्रियावादी शक्तिहरूले कम्युनिस्टहरूको असफलताका रूपमा कुप्रचार गरिरहेका छन् । वस्तुतः यो सरकार कम्युनिस्टहरूको नभई दलाल तथा नोकरशाही पुँजीपति एवं सामन्त वर्ग र सँसदवादी प्रतिक्रियावादीहरूकै सरकार हो । तसर्थ, यो असफलता प्रतिक्रियावादी वर्ग, त्यसको राज्यसत्ता र त्यसकै व्यवस्थाको असफलता हो । यो कुरा हामीले जनताका बीचमा राम्रोसित पुऱ्याउन जरुरी छ ।

● आज वैदेशिक प्रतिक्रियावाद र नेपाल, प्रतिक्रियावादी राज्यसत्ता र नेपाली जनताका बीचमा मात्र होइन, सत्ताधारी र प्रतिपक्षी, सत्ताधारी एवं प्रतिपक्षीभित्रका विभिन्न अन्तरविरोधहरू सतहमा आइरहेका र चर्कदै गइरहेका छन् । यो क्रान्तिका लागि सकारात्मक कुरा हो । परन्तु अर्कोतिर क्रान्तिकारीहरूको आत्मगत स्थिति भने कमजोर छ । यो नकरात्मक कुरा हो । यी दुवै पक्ष र अवसरलाई राम्रोसित आत्मसात गर्दै यो वेला हामीले आत्मगत अवस्थालाई बलियो बनाउन र संघर्ष गर्नका लागि योजनाबद्ध रूपमा विशेष परिश्रम गर्नुपर्ने आवश्यकता छ ।

## देजमो...

तयारी गर्ने पनि मोर्चासम्बद्ध नेताहरूले बताएका छन् ।

देजमो स्थापनाको छोटै अवधिमा निर्वाचनको क्रान्तिकारी उपयोगदेखि राष्ट्रियता, जनतन्त्र र जनजीविका सम्बन्धी संघर्षको योजनाहरूमा प्रभावकारी भूमिका निर्वाह गरेकै कारण अहिले राष्ट्रिय अन्तर्राष्ट्रिय रूपमा स्थापित हुँदै गएको छ । र देशव्यापी रूपमा साँगठानिक सञ्जाल विस्तार गर्न पनि सफल भएको छ ।


आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।
मितेरी यातायात एण्ड अटो प्रा.लि.
प्रधान कार्यालय : कलंकी, काठमाडौं
फोन नं. : ०१-५२२५२८१, ५२२५०३४
विक्की शर्मा गुरागाईं (९८५११९५८८९)
तेह्रथुम सम्पर्क : डिल्लाराम रेग्मी (९८५२०६०२५४)
फोन नं. : ०२६-४६०२५४
कृपया, टिकट र रिजर्भका लागि हामीलाई सम्झनुहोस् ।

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।
नारायणी यातायात व्यवसायी संघद्वारा संचालित
टाटा सुमो सेवा
काठमाडौंबाट- हेटौडा वीरगंज, चपुर, सिमरा, रानपुर
फोन नं. : ०१-५१४७२१६
बल्खु, काठमाडौं ।

रोयल बुईपा A/C जम्बो हाईस
गाईघाट-लहान-खुर्कोट हुँदै काठमाडौंसम्म
काठमाडौं सम्पर्क नम्बर
बसन्त खड्का - ९८४२८३७७९३
- ९८१७७१९६९७
इन्द्र कट्वाल - ९८१८४१५२९०
गाईघाट सम्पर्क नम्बर
फोन नं. ०३५-४२१६४३
पुरुषोत्तम खनाल - ९८५२८३५६९०
- ९८१५७८४८७४
दैनिक दिवा सेवा तथा आरामदायी र भरपर्दो यात्राको लागि हामीलाई सम्झनुहोस् ।

हिमाल-तराई यातायात सेवा समिति
यहाँ काठमाडौंबाट सिन्धुली, बर्दियावास, ढल्के, जनकपुर, जलेश्वर, लालबन्दी, बयलवास, रामेछाप, मन्थली, च्यास्कु, भालुथोक, घुर्मी, बेतिनी, कटारी, गाइघाट, जयराम, हलेसी, दिक्तेल, मानेभञ्जाङ, ओखलढुंगा, सोलु, सल्लेरी, भीमान, मरिन, डकाहासम्मको टिकट पाइन्छ ।
टाटासुमो बोलेरो
(रिजर्भ चाहिएमा)
०४७-५२११६९ सिन्धुली
९८६०१०२७३८ विश्व
९८४४५२३८५ सानोभाई
९८४११०६९६७ संजीव
९८४५७८४३०७ प्रदीप
०१-५१००४९४ कोटेश्वर
९८४४००८४०० लाल बहादुर
रिजर्भ चाहिएमा सम्पर्क
सानोभाई फलफूल एण्ड जुस भण्डार
सिन्धुली जुनार भवन ९८४४५४२३५
९८४४०७६२६९, ९८३१२८४३०

## आलोपालो

# विकास आयोजनाको फितलो कार्यान्वयन



● दुनबहादुर बुढाथोकी 'संघर्ष'

विकास आयोजनाको प्रभाकारी कार्यान्वयन विना आर्थिक समृद्धिको परिकल्पना गर्न सकिदैन । आर्थिक समृद्धिमा विकास आयोजनाको आयमिक महत्व यसकारण पनि रहन्छ कि विकास आयोजना कार्यान्वयन हुनु भनेको सडक, विद्यालय, खानेपानी, जलविद्युत, हवाई मैदान लगायतका सार्वजनिक निर्माणले बढवा पाउनु हो । अर्कोतर्फ विकास आयोजना कार्यान्वयन हुनु भनेको भनेका आर्थिक गतिविधिले बढवा पाउनु वा रोजगारी अवसरहरू सिर्जना हुनु पनि हो । यसको सिधा सम्बन्ध गार्हस्थ्य उत्पादन बृद्धि, पुँजी निर्माण, पूर्वाधार विकास र गरिबी निवारणसंग हुन्छ । औद्योगिक क्षेत्रमा विकास आयोजना कार्यान्वयन हुँदा औद्योगिक उत्पादन बृद्धि हुन जान्छ । पूर्वाधार क्षेत्रमा विकास आयोजना कार्यान्वयन हुदा जलविद्युत, सडक, रेल्वे, बन्दगाह, दूरसञ्चार परियोजनाहरू निर्माणको अवसरहरू जुटदछन् । जसको सिधा र सकारात्मक प्रभाव अर्थतन्त्रमा पर्न पर्दछ ।

**नाजुक पक्ष**

पछिल्लो ४/५ वर्षयता बजेट सयममा आए पनि विकास खर्चमा उल्लेखीय बृद्धि हुन सकेको छैन । विकास आयोजनाको कुरा गर्ने हो भने कतिपय अवस्थामा आयोजना पूर्वतयारी नगरी नयाँ आयोजना प्रस्ताब गर्ने गर्ने मात्र गरिएको छैन, प्रयाप्त आधारविना ठेक्का पट्टासमेत गर्ने गरिएको छ । अहिले पनि एक आर्थिक बर्षको एकतिहाई समय वोलपत्र आह्वान, बोलपत्र मूल्यांकन र ठेक्कापट्टामा बित्ने गरेको छ । समयमा कार्य प्रारम्भ हुन नसक्दा बिकास आयोजनामा बिनियोजित रकम फ्रिज हुनु पर्ने वा अन्य कम महत्वपूर्ण आयोजनामा रकामान्तरण गर्ने गरिएको छ ।

कतिपय निर्माण ब्यवसायीले निर्धारित समयमा कार्य सम्पन्न गर्नुपर्छ भन्ने कुरालाई नजरअन्दाज गर्ने गरेका छन् । यहाँसम्म कि एक हप्तामा पूरा गर्नु पर्ने काम महिनौ वा एक बर्षमा पूरा गर्न सकिने काम बर्षौं लगाइएको छ । समयमा आयोजनाहरू कार्यान्वयन हुन नसक्दा बहुबर्षीय आयोजनाहरूमा समय र लागत अस्वभाविकरूपमा बृद्धि हुने गरेका छ । सम्पन्न आयोजनाहरूको गुणस्तरमा सम्झौता मात्र हुने गरेको छैन ५ बर्षभित्र बिग्रिएमा निर्माण ब्यवसायीले मर्मत सम्भार गर्नु पर्ने प्रावधान समेत अबमूल्यन गरिएको छ ।

कतिपय राष्ट्रिय गौरवका आयोजनाहरूको निर्माण सम्पन्न हुनुपर्ने समय सीमा किटान गर्न आँट गरिएको छैन । कतिपय आयोजनाको निर्माण सम्पन्न समय किटान भए तापनि सो अनुरूप काम तमाम हुन सकेको छैन । २०७३/०७४ को बजेटमा एक वर्षभित्र पूरा गर्ने उल्लेख भएको कुलेखानी तेस्रो जलबिद्युत आयोजना र गौतमबुद्ध विमानस्थल अझैं अधुरो अवस्थामा छन् । माथिल्लो तामाकोशी जस्तो आकर्षक आयोजनाको ४ बिलम्ब हुँदो छ ।

विकास आयोजना नयाँ आर्थिक वर्षको पहिलो दिन अर्थात् साउन १ गते देखि कार्यान्वयन गर्ने कुरा २०५२/०५३ देखि रट लगाउँदै आएको छ । अहिले पनि त्यो रट लगाइँदो छ । २०७२/०७३ यता आयोजना तथा कार्यक्रमको स्वीकृति र अख्तियारी आर्थिक वर्षको प्रारम्भ मै प्राप्त हुने गरेको भए तापनि आयोजना कार्यान्वयनमा भने खासै भिन्नता आउन सकेको छैन । अझ भन्नु पर्दा आर्थिक वर्षको प्रथम चौमासिक अबधि पश्चात् मात्र विकास बजेट कार्यान्वयन हुने प्रथा अझै टुट्न सकेको छैन । फलस्वरूप विकास निर्माणको लागि ८ महिना मात्र प्राप्त हुने गरेको छ । आयोजना कार्यान्वयनमा दण्ड र पुरस्कारको व्यवस्था भए तापनि कुनै सरकारी निकायको विभागीय प्रमुख, आयोजना प्रमुख वा निर्माण व्यवसायी आयोजनाको कार्य सम्पादन उत्कृष्ट वा निकृष्ट भएकै कारण दण्डित वा पुरस्कृत भएको पाइँदैन ।

बजेट बक्तब्यमा छानिएका आयोजनाहरूको लागत अनुमान तेस्रो पक्षबाट मूल्याङ्कन गर्ने प्रणाली सुरुआत गरिने बजेट बक्तब्यमा उल्लेख भएको भएता पनि कतिपय राष्ट्रिय गौरव आयोजनाको लागत एकिन भएको छैन । आयोजनाको लागत र समय बृद्धि हुन नदिन संपूर्ण क्रियाकलापलाई प्याकेजको रूपमा प्रस्तुत गरिने उल्लेख भए तापनि सो अनुरूप हुन नसक्दा अधिकांश ठूला आयोजनाहरूको लागत बृद्धि भइरहेको छ । माथिल्लो तामकोशी जलविद्युत आयाजनको लागत ३५.२९ अर्बबाट करिब ६० अर्ब पुग्नु पछिल्लो ताजा सबुत हो ।

**पहलीकदम**

त्यसो त विकास आयोजना कार्यान्वयनका लागि प्रयासै नभएका होइनन्, भएका छन् । बिगतमा असार मसान्तमा मात्र बजेट बिनियोजन हुने, भदौअसोजमा पारित हुने, अख्तियारी पठाउँदापठाउँदै पहिलो चौमासिक ब्यतित हुने गरेकामा २०७३/०७४ पर्यन्त जेठ १५ मा बजेट प्रश्तुत हुँदै आएको छ । बीचको ४५ दिनमा छलफल र पारित भई साउन १ मा कार्यान्वयनको व्यवस्था मिलाइएको छ । बिगतको जस्तो अख्तियारी लिनु पर्ने प्रथा अन्य गरी गरी मन्त्रालयगत बजेट सूचना प्रणालीमा समाबेश भएका कार्यक्रमलाई स्वीकृत कार्यक्रम मानिएको छ । अर्थात् कार्यक्रम स्वीकृत गर्न सम्बन्धित विभाग, तालुक मन्त्रालय, राष्ट्रिय योजना आयोग धाउनु पर्ने धपडी कटौती भएको छ । जहाँ साउन महिनामा प्रथम चौमासिक निकास दिई खर्चको आधार सोधभर्ना दिइने प्राबधान छ ।

फागुन सम्ममा काम सुरु नभएका कार्यक्रमहरूको संपूर्ण बजेट चैत्र १ गतेभित्र अनिवार्यरूपमा फिर्ता गर्नु पर्ने ब्यवस्था गरिएको छ । कम प्रगति देखिएका आयोजनाहरूमा बिनियोजित बजेट बिनियोजन ऐनको परिधीभित्र रही राम्रा र प्रगति भएका आयोजनाहरूमा आवश्यकताअनुरूप रकमान्तरको ब्यवस्था मिलाइएको छ । आयोजना/कार्यक्रमको चौमासिक विभाजन सहितको बार्षिक खरिद योजना तयार गरी साउन मसान्तभित्र स्वीकृत गरी सक्नु पर्ने व्यवस्था भएको छ । नयाँ आयोजना/कार्यक्रम कार्यान्वयनका लागि साउन समान्तभित्र आयोजना कार्यालय स्थापना गरिसक्नु पर्ने

...बाँकी ७ पेजमा

## आमहड्तालसम्मका...

मोहन वैद्य'किरण'ले यस बैठकलाई निरन्तरतामा क्रमभंगको बैठक भएको संश्लेषण गरेका छन् भने पार्टीका बरिष्ठ नेता सिपी गजुरेलले संघर्षका दृष्टिले यो बैठकको भारी महत्व रहेको बताएका छन् ।

केन्द्रीय कार्यालयका तर्फबाट वर्तमान राजनीतिक परिस्थिति, पार्टी कामको समीक्षा र आगामी कामबारे महासचिव किरणले प्रस्तुत गरेको रिपोर्ट व्यापक छलफल पश्चात् पारित भएको उल्लेख गरिएको वक्तव्यमा प्रस्तुत रिपोर्ट सार उल्लेख गर्दै भनिएको छ, "(क) आज विश्वमा साम्राज्यवादी तथा विभिन्न शक्तिकेन्द्रहरूका बीच नवउदारवाद र संरक्षणवादको विषयलाई लिएर सङ्घर्ष चलिरहेको छ र त्यो व्यापारयुद्धमा केन्द्रित बन्न गएको छ । अहिले एकातिर नवउदारवाद तथा संसदीय व्यवस्था असफल प्रमाणित हुँदै गएका छन् भने अर्कोतर्फ संरक्षणवाद फासीवादतर्फ उद्यत हुँदै गएको छ । आज विश्वमा साम्राज्यवादको विरोध र विकल्पमा समाजवादको आवाज सशक्त रूपमा उठिरहेको छ र कतिपय मुलुकहरूमा नयाँ जनवादी तथा राष्ट्रिय मुक्ति आन्दोलन पनि विकसित हुँदै गएका छन् ।

(ख) दुई तिहाई बहुमतको दम्भ प्रदर्शित गर्दै बनेको कथित वाम तथा कम्युनिस्ट नामधारी नव प्रतिक्रियावादी दलाल सरकारद्वारा दिइएको 'समृद्ध नेपाल र सुखी नेपाली' भन्ने .नाराको धज्जी उडेको छ । राष्ट्रियता, जनतन्त्र र जनजीविकाका समस्या झनै विकराल बनेका छन् । कालापानी, सुस्ता, महेशपुर सहित देशका विभिन्न ठाउँमा हुँदै आएको व्यापक सीमा अतिक्रमण, नेपाली नक्साको विद्रूपीकरण र विस्तारवादद्वारा तयार पारिएको नक्साको प्रयोग, आफुलाई राष्ट्रवादी बताउने सरकारद्वारा भारतसित विशाल मात्रामा बिजुलीको खरिदगरी लोडसेडिङ्ग अन्त्य भएको भनी गरिएको ढोंग प्रदर्शन एवम् महत्वपूर्ण जलस्रोत तथा जलविद्युत आयोजनाको बेचबिखन, जनसंख्या अतिक्रमण तथा नागरिकता समस्या, निर्मला पन्त लगायतका किशोरीहरूको बलात्कार तथा हत्या, पहिचान सहित संघीयताको अवज्ञा, मूल्यवृद्धि, करवृद्धि, भूमाफिया तन्त्र, राष्ट्रिय उद्योग धन्धाको विकासमा हुँदै आएको अवरोध, व्यापार घाटा, निजीकरण, दलालीकरण आदिका कारण मजदुर, हलिगोठाला, सुकुम्बासी, कमैयाँ, किसान, महिला, दलित, आदिवासी जनजाति, मधेशी, मुस्लिम सहित उत्पीडित वर्ग र जनसमुदाय गंभीर उत्पीडन र पीडामा छटपटाउँदै आएका छन् । जनयुद्धका सहिद, वेपत्ता तथा घाइते अपाङ्ग योद्धा, बर्हिगमित जनमुक्ति सेनाका योद्धाहरूले उठाउँदै आएका जायज मागहरूको सम्बोधन गरिएको छैन । एकातिर जनयुद्धकालीन मुद्दाहरूलाई नियमित अदालती प्रक्रियामा लग्ने काम भइरहेको छ भने अर्कोतिर सत्यनिरूपण तथा मेलमिलाप आयोगलाई अधिकार विहीन तथा बेवारिसे बनाई विघटित गरिँदै छ ।

(ग) रिपोर्टमा पार्टी, संयुक्त मोर्चा तथा ज.व.स. मोर्चाका सांगठनिक काम र गतिविधिहरूको समीक्षा गरिएको छ । सांगठनिक काममा केही प्रगति भएपनि तिनलाई अझै अपेक्षित रूपमा व्यवस्थित बनाउन सकिएको छैन ।

(घ) वर्तमान परिस्थितिको जटिलता तथा देशको ऐतिहासिक आवश्यकतामाथि ध्यानदिँदै नयाँ जनवादी क्रान्तिको तयारीका निम्ति संगठन, सङ्घर्ष लगायतका कामलाई आगामी दिनमा व्यवस्थित बनाउनेबारे कैयौं महत्वपूर्ण निर्णय लिइएका छन् ।"

वक्तव्यमा बैठकले संघर्षसम्बन्धी गरिएका निर्णयहरूका बारेमा भनिएको छ, "(क) राष्ट्रियता, जनतन्त्र र जनजीविकाका सवालहरूलाई लिई चरणबद्ध रूपमा जनआन्दोलनका कामलाई विकसित तुल्याउने । (ख) प्रारम्भमा देशव्यापी रूपमा सङ्घर्षका विषयमा गोष्ठी, अन्तरक्रिया, भित्तेलेखन लगायतका प्रचारात्मक आन्दोलनका कार्यक्रमहरूलाई अगाडि बढाउने । (ग) युवामोर्चाको पहल तथा सहभागितामा देशव्यापी रूपमा फागुन १ गते रातो मार्चपास कार्यक्रमको आयोजना गरी जनयुद्ध दिवस मनाउने । (घ) फागुन महिनामा सन् १९५० लगायतका असमान सन्धि-सम्झौताहरूको खारेजी, सीमा अतिक्रमण, नक्कली नक्सा, भारतद्वारा सीमा क्षेत्रमा एकपक्षीय रूपमा बनाइएका बाँध तथा सडक निर्माण लगायतका गतिविधि तथा मिचाहा प्रवृत्तिको विरोध र राष्ट्रिय स्वाधीनताको रक्षाको विषयलाई लिएर मेची-महाकाली राष्ट्रिय जनजागरण कार्यक्रम सञ्चालन गर्ने । (ङ) संयुक्त मोर्चाको पहल तथा सबै जनवर्गीय मोर्चाहरूको सहभागितामा जनपरिचालन सहित विभिन्न कार्यक्रमहरू दिदै चैत्र २४ गते काठमाडौंमा एउटा केन्द्रित कार्यक्रमको आयोजना गर्ने । (च) सङ्घर्षका विभिन्न केन्द्रित कार्यक्रमहरूका बीचबाट निश्चित समयमा देशव्यापी आम हडतालको आयोजना गर्ने । (छ) युवामोर्चाद्वारा देशमै रोजगारीको अवस्था सिर्जना गर्न र सो नभएसम्म बेरोजगारी भत्ताको व्यवस्था मिलाउनका लागि देशका विभिन्न प्रदेश तथा जिल्लाहरूमा गरिएको हस्ताक्षर संकलनलाई केन्द्रित गरी केन्द्रीय सरकार समक्ष मागपत्र प्रस्तुत गर्ने । (ज) हरेक प्रदेश र जिल्लाहरूमा भ्रष्टाचार, कमिसनखोरी, बलात्कार तथा हत्या, ठगी, जालझेल, शोषण, उत्पीडनको विरोध र सुकुम्बासी, हलिया, कमैयाँ, गरीव किसान सहित उत्पीडित वर्ग तथा जनताका मागहरूमाथि आवश्यक ध्यान दिँदै वर्गसङ्घर्ष र जनप्रतिरोध सङ्घर्ष विकसित तुल्याउँदै जाने ।"

बैठकले साझा मुद्दामा विभिन्न राजनीतिक शक्ति तथा पक्षसँग मिली संयुक्त सङ्घर्ष चलाउन प्रयत्न गर्ने निर्णय गरेको छ भने माओ दिवस, सहिद सप्ताह, अन्तर्राष्ट्रिय महिला दिवस, सांस्कृतिक प्रतिरोध दिवस, लेनिन दिवस, मार्क्सको २००औं शतवार्षिकी लगायतका समारोहहरूलाई पनि सङ्घर्षकै कार्यक्रमका रूपमा मनाउने निर्णय गरेको छ ।

बैठकले संघर्षका कार्यक्रमलाई प्रभावकारी बनाउन सुरुमा प्रचारप्रसारका कामहरूलाई व्यापकता दिइने बताइएको छ ।

आम जनताको सहभागितालाई जनसंघर्ष, वर्गसंघर्ष र प्रतिरोध संघर्षमा विकास गरिने भन्दै क्रान्तिकारी माओवादीको यो बैठकले निकै रणनीतिक महत्वको निर्णय लिएको छ ।

जनताले देश र आफ्ना संकट मोचनका लागि अगुवाइ गर्ने र गर्न सक्ने अग्रदस्ता खोजिरहेका बेला क्रान्तिकारी माओवादीले अख्तियार गर्न पुगेको यो सिर्जनशील संघर्षको नीतिले छोटो समयमा नै गति लिनेमा कुनै शंका नरहेको विश्लेषण नेपाली राजनीतिक वृत्तमा चल्न थालिसकेको छ । यो संघर्षका योजनालाई प्रभावकारी कार्यान्वयन गर्न सकेको खण्डमा यसले क्रान्तिकारी माओवादीलाई सबैले देखिने र अनुभूति गर्ने गरी वैकल्पिक राजनीतिक शक्तिको रूपमा राष्ट्रिय अन्तर्राष्ट्रिय रूपमा स्थापित गर्ने निश्चित छ ।

## एकअर्कालाई...

पक्षमा झलनाथ, माधव, वामदेव र नारायणकाजी छन् ।

झलनाथ, माधव र वामदेव गौतम लगायतका नेताहरूले स्थायी कमिटी बैठक बोलाउन लागेको जानकारी पाएपछि प्रचण्ड, ओली लगायतका नेताहरूले शनिबारै सचिवालयको बैठक बसेर २९ गतेका लागि स्थायी कमिटीको बैठक डाकेको हो । कुल ४५ जना सदस्य रहेको स्थायी कमिटीमा केपी ओली पक्ष अल्पमतमा पर्न सक्ने झलनाथ र वामदेव गुटको दाबी छ । ९ सदस्यीय सचिवालयमा पनि रामबहादुर थापा बादल आफ्नो पक्षमा आउन सक्ने चार नेताको अनुमान थियो । तर, बादल शनिबारको बैठकमा सहभागी भएसँगै ओली गुटमा बहुमत पुगेको हो ।


शनिबार ४ नेताले बालुवाटार छाडे लगत्तै पूर्वएमाले समूहका असन्तुष्ट नेताले हस्ताक्षर अभियान चलाउने तयारी गरेका थिए । उनीहरूले माके पक्षका नेताहरूसँग पनि यसबारेमा छलफल गरे ।

डबल नेकपाको उच्च स्रोतका अनुसार पूर्वएमालेमा केपी ओली र माधव नेपाल गुट प्रष्टरूपमा विभाजित भइसक्दा पनि पूर्वमाके नेताहरूमा भने एक प्रकारको अन्योल कायम छ । शनिवार र आइतवार पूर्वमाके समूहका केही स्थायी कमिटी सदस्यले अध्यक्ष प्रचण्डलाई भेटेर 'अब हाम्रो लाइन के हुने हो' ? भन्ने प्रश्न गरेको बुझिएको छ ।

प्रचण्ड दुवै गुटलाई लडाएर आफू कसरी बलियो हुन सकिन्छ भनेर अर्को छिर्के दाउ लगाउने तयारीमा रहेको स्रोतको दावी छ । उनी उपयुक्त अवसरको पर्खाइमा रहेका छन् ।



नेचुरल तथा धोएको
शुद्ध गिट्टी तथा बालुवा
सुपथ मूल्यमा उपलब्ध
गराइन्छ

ओम एकता बालुवा
प्रशोधन उद्योग
वाणगंगा न.पा.-५, कपिलवस्तु
सम्पर्क : ९८५७०५३१७७











**प्रकाशक** : रामसिंह बुढाथोकी, **प्रबन्ध निर्देशक** : बद्री बजगाईं, **सम्पादक** : इन्द्रबहादुर राउत, **सहसम्पादक** : सचिरनन्द महर्जन, फोटोः जय दाहाल, **कार्यालय** : बुद्धनगर, काठमाडौं, **सम्पर्क नं.** : ०१-४७८५७६३/९८५११३४८३०, **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।